का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ असार २०८१,
शनिबार
15 June 2024,
Saturday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक १२३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



"एउटा सरकार हुन्छ, अर्को सत्ता हुन्छ । सत्ता लामो समयसम्म कब्जा गरेर बसेको हुन्छ । सरकार फेरिँदा पनि सत्ता फेरिँदैन । नेपालमा सरकारमा हामी छौं । सत्तामा त के-के छ, के-के छ ? त्यो सत्तालाई तोड्न अलिकति गाह्रो चाहिँ हुन्छ ।"

**रवि लामिछाने**
उपप्रधान एवम् गृहमन्त्री

## सत्तारुढसँगै असन्तुष्ट गृहमन्त्री

**उपप्रधान तथा गृहमन्त्रीसहित रवि लामिछाने सरकारमा छन् । उनी नेतृत्वको रास्वपाले गृहबाहेक युवा तथा खेलकुद, शिक्षा र श्रम जस्ता जनतासँग प्रत्यक्ष जोडिएका र काम गर्न सक्ने मन्त्रालयको नेतृत्व गरिरहेको छ । तर रास्वपा सभापति एवम् गृहमन्त्री लामिछाने काम गर्न नपाएको भनेर सत्तारुढसँगै असन्तुष्ट देखिएका छन् ।**

**शिव विक/मध्यान्ह**
काठमाडौं, ३२ जेठ ।

उपप्रधान एंव गृहमन्त्री रवि लामिछानेले एक सय दिनको कार्य प्रगति सार्वजनिक गरेका छन् । शुक्रबार गृह मन्त्रालयमा पत्रकार सम्मेलन गरेर उनले आफूले मन्त्रालय सम्हालेको एक सय दिनमा अतिक्रमण भएका ६३३ बिघा ७ कट्टा १३ धुरा जग्गा सरकारको साबिककै अवस्थामा ल्याइएको विवरण सुनाए । अन्य ठाउँहरुका सार्वजनिक जग्गाहरु समेत खोजी गरेर सरकारकै नाममा ल्याउने काम भइरहेको बताएका उनले बाँकी उल्लेख्य प्रगति सुनाउन सकेनन् ।

सरुवा बढुवामा बिधि बसाल्ने लगायतका नीतिगत सुधारमा केन्द्रित रहेको बताएका उपप्रधानमन्त्री एवं गृहमन्त्री लामिछानेले बरु आफू सरकारमा भए पनि सत्ता अरुले नै चलाएको गुनासो गरे ।

सय दिनको अवधिमा देशलाई नराम्रो हुने केही काम नगरेको र गृहमन्त्रालयबाट त्यस्तो हुन नदिनु नै उपलब्धी भएको बताएका उनले आफूले भ्रष्टाचार लगायत विभिन्न प्रकारका फाइल खोल्न चाहे पनि सत्ता पक्षबाट असहयोग भएको दु:खेसो गेका हुन् ।

'एउटा सरकार हुन्छ, अर्को सत्ता हुन्छ । सत्ता लामो समयसम्म कब्जा गरेर बसेको हुन्छ । सरकार फेरिँदा पनि सत्ता फेरिँदैन । नेपालमा सरकारमा हामी छौं । सत्तामा त के-के छ, के-के छ ? त्यो सत्तालाई तोड्न अलिकति गाह्रो चाहिँ हुन्छ' उनले भने । सरकारमा हुने नै सत्ता चलाउने हो भन्ने नरहेको र सरकारमा रहेर आफूले चाहे जसरी सत्ता चलाउन नपाइरहेको उनको भनाइ छ ।

लामिछाने उपप्रधान तथा गृहमन्त्रीसहित सरकारमा छन् । उनी नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गृहमन्त्रालय बाहेक युवा तथा खेलकुद मन्त्रालय, शिक्षा मन्त्रालय र श्रम तथा रोजगार जस्ता जनतासँग प्रत्यक्ष जोडिएका र काम गर्न सक्ने मन्त्रालयको नेतृत्व गरिरहेको छ । तर, रास्वपा सभापति समेत रहेका गृहमन्त्री लामिछाने काम गर्न नदिएको भनेर सत्तारुढसँगै असन्तुष्ट देखिएका हुन् ।

बेथितिका कैयौं फाइल खोल्नेवित्तिकै साइन गर्नेगरी तयार होलान् भन्ने लागे पनि त्यस्तो नभएको सुनाए । भ्रष्टाचार सुशासनका लागि गूला काम गर्न नसकेता पनि निरन्तर सुधारको प्रयास गरिरहेको उनको दलिल छ ।

गृह मन्त्रालयमा हेल्प डेस्क स्थापना गरेर दैनिक सयौं मानिसलाई सेवा दिइरहेको जानकारी »» पृष्ठ २ मा



## प्रेरणादायी धौलीदेवी

### विद्युतीय रिक्सा चलाउने डडेल्धुराकी धौली देवी दमाईको मासिक कमाइ ६० हजार बढी

**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ३२ जेठ ।

'मैल पैसा तिरेरै विद्युतीय रिक्सा चलाउन् सिके' डडेलधुराकी धौलीदेवी दमाइ भन्छिन्, 'यति मात्र होइन, मैले जीवन चलाउने उपाय पनि सिके ।'

कोरोना महामारीले आर्थिक मन्दी भएका बेला धौली देवीले रिक्सा किनेकी थिइन् । रिक्सा किन्दा उनीसँग न चलाउने सीप थियो, न नगद । तर, उनको जीवन जिउने सोचले नै ऋण निकालेर रिक्सा किनिन् ।

रिक्सा किनेको बर्ष दिन सिक्नमै बित्यो । तर त्यसपछि कमाइको बाटो खुल्यो । आजभोलि उनी डडेल्धुराको सदरमुकाम हुँदै भालुमारे रुटसम्म रिक्सा दिनहुँ गडाउँछिन् ।

उनले दैनिक दुई हजारदेखि ३ हजारसम्म कमाउँछिन् । उनी स्थानीय सरकारको पहिलो निर्वाचनमा वडा सदस्य रहेर काम गरेको बताउँछिन् ।

धौली देवी एउटा रिक्सा चालक मात्र हैनन्, अरु महिलाका लागि प्रेरणाको स्रोत्र पनि बनेकी छिन् । उनले रिक्सा चलाउदै गर्दा सेवा पनि गर्ने गरेकी छिन् । उनी भन्छिन् 'मैले पैसा नभएका महिला तथा बृद्धबृद्धालाई छुट तथा निशुल्क गनत्व्यमा पुगाउने काम गरेकी छु ।'

पछिल्लो समयमा उनको पेशा देखेर अरु महिला उत्साहित बनेका छन् । कतिपय महिलालाई आफ्नो योजना सुनाउने गरेको उनको भनाई छ ।

धौली देवी महिलाहरुका लागि प्रेरणाको स्रोत बनेकी छिन् । उनी सुदुर पहडमा रहेको डडेल्धुरा जिल्लामा पहिलो रिक्सा चालक महिला समेत हुन् ।

**वैदेशिक रोजगार विशेष**

## पोर्चुगल सरकारले आप्रवासन नियममा परिवर्तन गरेपछि हजारौं नेपाली अन्योलमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३२ जेठ

नयाँ दक्षिणपन्थी सरकारले आप्रवासन नियममा परिवर्तन गरेपछि युरोपको महत्वपूर्ण श्रम गन्तव्य पोर्चुगलका बारेमा अन्योल सिर्जना भएको छ । पोर्चुगल सरकारले नयाँ रोजगारीका अवसरमा युरोपेली संघभन्दा बाहिर नेपालजस्ता देशका कामदार भर्नामा नयाँ शर्तहरु राखेपछि नेपालीहरु प्रभावित हुने देखिएको हो ।

नेपालीहरु अन्य युरोपेली देशमा पुग्न र पोर्चुगलमा नै रोजगारी गर्न जाने गरेका छन् । विगतमा रोजगारी सुनिश्चित नभएपनि एक वर्षको सामाजिक सुरक्षा शुल्क तिरेपछि वैधानिकीकरणसहितको आवास अनुमतिपत्रका लागि आवेदन दिन योग्य हुने गरेकोमा नयाँ सरकारले उक्त व्यवस्था हटाएको छ । नयाँ व्यवस्थाअनुसार गैरयुरोपेली देशका नागरिक रोजगारीको सुनिश्चितता भएपछि मात्र उक्त मुलुक जान पाउने छन् ।

नयाँ सरकारले वैधानिकीकरणको कार्डका लागि लिँदै आएको आवेदन प्रक्रियासमेत रोकिदिएको छ । त्यसले कार्ड नबनाएका नेपाली पनि प्रभावित भएका छन् । प्रधानमन्त्री लुईस मोन्टेनेग्रोलाई उद्धृत गर्दै बीबीसी नेपाली सेवाले हाल पोर्चुगलमा करिब चार लाख विदेशी श्रमिकको वैधानिकीकरणको प्रक्रिया बाँकी रहेकाले त्यो प्रक्रिया नसकिएसम्म नयाँ आवेदनहरु रोकिएको जनाएको छ ।

विभिन्न तरिकाबाट पोर्चुगल पुगेकामध्ये करिब पाँच हजार नेपाली वैधानिकीकरणको कार्डको »» पृष्ठ २ मा

### हृदयाघातका कारण पोर्चुगलमा एक नेपालीको निधन

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, पोर्चुगल, ३२ जेठ

वैदेशिक रोजगारीको सिलसिलामा ६ महिनाअघि पोर्चुगल आएका एक नेपाली युवाको निधन भएको छ । पोर्चुगलको बेजा अलेन्टेजोस्थित एक कृषि कम्पनीमा कार्यरत म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३, दानाका ३४ वर्षीय ललित पाइजाको हृदयाघातका कारण कार्यस्थलमै ढलेर निधन भएको हो ।

सोमबार दिउँसो प्लास्टिकको टनेलभित्र काम गरिरहेकै अवस्थामा एक्कासी ढलेर पाइजाको निधन भएको म्याग्दी प्रवासी नेपाली संघ (मोना) पोर्चुगलका अध्यक्ष »» पृष्ठ २ मा

## 'गुरू'को हत्या

**काठमाडौं/मस-** बाराको रामराजा बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहको हत्या भएको छ । अज्ञात समूहको गोली प्रहारबाट गम्भिर घाइते भएका कुशवाहको मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय बाराका अनुसार कुशवाहको उपचारका क्रममा मृत्यु भएको हो ।

बाराको आदर्शकोतवाल गाउँपालिका-३ बतरामा उनीमाथि गोली प्रहार भएको बाराका प्रहरीले जनाएको छ । नायव उपरीक्षक दधिराम न्यौपानेका अनुसार गोली कुशवाहको पिठ्युँमा लागेको थियो ।

प्रहरीका अनुसार घटना साँझ पाँच बजेतिर भएको हो । गोली हान्ने व्यक्ति अज्ञात रहेको प्रहरीले जनाएको छ । बाराका प्रहरीले घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई नियन्त्रणमा लिएको छ ।

**नीति तथा कार्यक्रम**

## काठमाडौंका विद्यार्थीलाई 'पार्ट टाइम जब'

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३२ जेठ ।

काठमाडौं महानगरपालिका विद्यार्थीका लागि पार्टी टाइम जागीर दिने सहितको घोषणा गरेको छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै महानगरले यस्तो घोषणा गरेको हो ।

शुक्रबार १५ औं नगरसभामा महानगरपालिका प्रमुख बालेन शाहले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गरे । जसमा निजी तथा सामुदायिक विद्यालयको छात्रवृत्तिलाई एकद्वार प्रणालीमा सञ्चालन गर्ने, पढ्दै कमाउँदै अवधारणा अनुसार विद्यार्थीलाई पार्ट टाइमको जागीरको व्यवस्था मिलाउने लगायतका विषय समेटिएको छ ।

काठमाडौं महानगरपालिकाले हाँडीगाँउ र वसन्तपुर क्षेत्रमा होमस्टे पनि सञ्चालन गर्ने भएको छ । स्थानमा होमस्टे सञ्चालनका लागि प्रोत्साहनसहित आवश्यक परामर्श गर्ने नीति लिएको बताए ।

हाँडीगाउँलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लाग आवश्यक परामर्श गर्ने नीति समेत महानगरले लिएको छ ।

विश्व सम्पदा सूचीमा सूचीकृत बौद्धनाथ र स्वयम्भूनाथलाई महानगरकै मातहतमा सञ्चालन र व्यवस्थाका लागि सम्बन्धित निकायसँग आवश्यक छलफल र परामर्श गर्ने नीति लिएको पनि जनाइएको छ ।

इन्द्र जात्रा, सेतो मच्छिन्दनाथ जात्रा, पचली भैरव जात्रा तथा अन्य पर्व तथा स्थानीय परिकारलाई संरक्षण र सम्बर्द्धन गर्दै सम्भावना भएका थप कला संस्कृतिहरूलाई युनेस्कोमा सूचीकृत गर्न आवश्यक पहल गर्ने नीति लिइने घोषणा »» पृष्ठ २ मा




मध्यान्ह
दैनिक
www.madhyanhadaily.com

१ असार २०८१, शनिबार
15 June 2024, Saturday

# चीन नेपालको लामो समयदेखिको प्रमुख विकास साझेदार : कार्यबाहक राष्ट्रपति

**इसत्याक अहमद/मध्यान्ह**
काठमाडौं, ३२ जेठ



कार्यबाहक राष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपाल भ्रमणमा रहेका चिनियाँ जन-राजनीतिक परामर्शदात्री सभा (सीपीपीसीसी)को राष्ट्रिय कमिटी उपाध्यक्ष बेटर नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डलले शुक्रबार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेट गरेको छ।

भेटमा शुभकामना आदानप्रदान गरेपछि नेपाल र चीनबीचको द्विपक्षीय सम्बन्ध, उच्च तथा जनस्तरीय भ्रमण, परस्पर सहयोग, व्यापार तथा पर्यटनलगायतका महत्वपूर्ण विषयमा छलफल भएको छ।

कार्यबाहक राष्ट्रपति यादवले बेटर नेतृत्वको चिनियाँ प्रतिनिधिमण्डलको नेपाल भ्रमणप्रति खुशी व्यक्त गर्दै नेपाल र चीनबीच सदियौंदेखि रहिआएको सौहार्दपूर्ण एवम् अति घनिष्ठ सम्बन्ध हालैका वर्षहरुमा बहुआयामिक क्षेत्रमा अझ व्यापक, थप घनिष्ठ र अझ उच्च बनेको बताए।

कार्यबाहक राष्ट्रपति यादवले उच्चस्तरीय भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप उचाईमा पुऱ्याएको तथा सहकार्यका क्षेत्रमा थप विस्तार गर्न मद्दत मिलेको बताए। 'छिमेकी मित्रराष्ट्र चीन नेपालको प्रमुख एवम् लामो समयदेखिको विकास साझेदार रहि आएको छ,' उनले भने, 'चीनले झण्डै सात दशकदेखि नेपालको विकास प्रयासमा पुऱ्याउदै आयेको सहयोगका लागि धन्यवाद दिन चाहन्छु।'

उनले सन् २०२६ सम्म नेपाल अल्पविकसित देशको श्रेणीबाट स्तरोन्नति हुन गइरहेको र तीव्र आर्थिक एवम् सामाजिक विकाससँगै नेपाली आम नागरिकको उन्नति र समृद्धिका लागि चीनले थप सहयोग गर्ने विश्वास व्यक्त गरे।

कार्यबाहक राष्ट्रपति यादवले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलले नेपालको पर्यटन बजारमा महत्वपूर्ण योगदान पुऱ्याउनेमा आफूहरु पूर्ण विश्वस्त रहेको बताए। उनले चीनको 'सिचुआन विमान'ले छेन्दु र पोखराबीच चार्टर्ड उडान गेरेको तथा छिन्दाउ र काठमाडौंबीच उडान सुचारु भएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पोखरा र चीनका विभिन्न शहरबीच व्यावसायिक उडान शुरु हुनेमा विश्वास व्यक्त गरे।

कार्यबाहक राष्ट्रपति यादवले चीन सरकारले हालै (१ मे २०२४) देखि लागू हुने गरी चीन भ्रमण गर्ने नेपालीका लागि भिसा शुल्क मिनाहा गरेको जानकारी पाएर खुसी लागेको उल्लेख गर्दै यस मैत्रीपूर्ण कदमका लागि चीन सरकारलाई धन्यवाद व्यक्त गरे।

उनले कमान्थाङ्गा-चेन्ताङमा २५ मे २०२४ मा सम्पन्न नेपाल-चीन सीमा व्यापारिक नाकाहरूको हालै संयुक्तरुपमा पुनः उद्घाटन हुनुले द्विपक्षीय सम्बन्धलाई अझ प्रगाढ बनाउन योगदान गरेको बताए। यस्तै बेटरले चिनियाँ प्रतिनिधिमडलको तर्फबाट नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सबल र सुदृढ बनाउने पक्षमा चीन रहेको बताए। उनले नेपाल र चीनबीचको ऐतिहासिक सम्बन्धलाई थप दिगो, बलियो र प्रगाढ बनाउनुपर्नेमा जोड दिँदै नेपालको विकासमा चिनियाँ सहयोग निरन्तर जारी रहनेसमेत बताए।

# कम बालविवाह भएका वडालाई सम्मान




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३२ जेठ

'बाल विवाह मुक्त' दुर्गा भगवती गाउँपालिकाको अभियान अन्तर्गत सबै भन्दा कम बालविवाह भएका वडालाई सम्मान गरिएको छ।

दुर्गा भगवती गाउँपालिकाद्वारा वडा नम्वर १ सामुदायिक भवनमा आयोजित कार्यक्रममा वडाध्यक्ष र सचिवलाई सम्मान गरिएको हो।

सबैभन्दा बालविवाह कम भएको एवम् जनचेतना जगाउने उद्देश्यबाट वडा नं.३ मत्सरीमा बालविवाह सबैभन्दा कम भएकोमा वडाअध्यक्ष धर्मेन्द्रकुमार झा र सचिव उमेश चौधरीलाई सम्मान गरिएको हो।

विगत तीन वर्षको तथ्यांक निकाल्दा दुई पटक वडा नम्वर ३ उत्कृष्ट भएको थियो। वडाध्यक्ष र सचिवलाई गाउँपालिकाका अध्यक्ष शम्भु सिंहले दोसल्ला, माला र सम्मानपत्रसहित सम्मान गरेका थिए।

यसैगरी वडा नम्वर २ का वडाध्यक्ष सुरेश चौधरी र सचिव, वडा नम्वर ४ का वडाध्यक्ष रामानन्द यादव र सचिव रामबाबु यादव, वडा नम्वर ५ का वडाध्यक्ष धर्मनाथ चौधरी र सचिव तथा वडा नम्वर १ का प्रदुमन चौधरी, सचिव राजेश दासलाई प्रमुख अतिथि एवं गाउँपालिका अध्यक्ष सिंहले सम्मान गरेका हुन्।

कार्यक्रममा बालविवाह सम्बन्धी नाटक, प्रोत्साहन लगायतका प्रदर्शनहरु गरिएका थिए। गाउँपालिकाबाट हर्षोल्लासका साथ स्थानीय बासिन्दाहरुको सामुदायिक भवनमा उपस्थिति रहेको थियो।

कार्यक्रमको प्रमुख अतिथि गापा अध्यक्ष शम्भु सिंहले उमेर नपुगेका बालबालिकाहरुलाई विवाह गर्दा उनीहरुको स्वास्थ्यमा प्रतिकुल असर पर्ने गरेको तथा कलिलो उमेरमा विहेवारी मानव स्वास्थ्यसँगको खेलवाड भएको चर्चा गरे।

उमेर नपुगेर विवाह गर्नेहरुलाई कानूनी अपराधको भागिदार बन्नुपर्ने हुन्छ, तीन वर्ष कैद र ३० हजार नगद जरिवाना हुने भएको हुँदा उमेर पुगेर मात्रै आ-आफ्ना छोराछोरीहरुको विहेवारी गर्न उनले सुझाव दिए।

गाउँपालिकाका उपाध्यक्ष शिला देवीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा राष्ट्रिय अनुसन्धानका उपनिर्देशक अभिनय सिंह, वडाध्यक्षहरुले मन्तव्य राखेका थिए भने प्रमुख प्रशासकीय अधिकृत परमानन्द पाठकले स्वागत गरेका थिए। दिपक चौधरी र सुरज मिश्राले कार्यक्रम सञ्चालन गरेका थिए भने कार्यक्रममाथि बालविवाह फाँटका संयोजक मोनिका चौधरीले प्रकाश पारेकी थिइन्।

# राजापुरमा विपद् पोर्टल तथा तथ्यांक व्यवस्थापनसम्बन्धी अभिमुखीकरण



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ३२ जेठ

बर्दियाको राजापुरमा विपद् पोर्टल तथा तथ्यांक व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। राजापुर नगरपालिका र युनिक नेपालको साझेदारी तथा ह्याबिट्याट फर ह्युम्यानिटी नेपालको आर्थिक सहयोगमा सञ्चालित सुरक्षित आवास परियोजनाअन्तर्गत शुक्रबार अभिमुखीकरण गराइएको हो।

विपद् पोर्टलमा तथ्यांक व्यवस्थापन, तथ्यांकको प्रयोग तथा अभिलेखीकरण प्रक्रियामा पुनर्ताजगी गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको युनिक नेपालका अध्यक्ष प्रिमबहादुर थारुले जानकारी दिए।

कार्यक्रममा राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, स्थानीय विपद् व्यवस्थापन समिति, समुदायस्तरीय विपद् व्यवस्थापन समिति र रेडक्रसका प्रतिनिधिहरु, दुई वटै पालिकाका विपद् सम्पर्क व्यक्तिहरु तथा तयार नेपालका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा विपद् पोर्टलमा तथ्यांक व्यवस्थापन, तथ्यांकको प्रयोगसहित मनसुनजन्य तथा आगलागीजन्य विपद्बाट प्रभावित घरको पुनर्निर्माणका लागि कार्यविधिका बारेमा समेत छलफल गरिएको थियो। कार्यक्रमको सहजीकरण ह्याबिट्याट फर ह्युम्यानिटी नेपालका प्राविधिक संयोजक लक्ष्मी प्रसाद भट्ट र सूचना व्यवस्थापन अधिकृत सविन श्रेष्ठले गरेका थिए।

# मष्टा गाउँपालिकाका निवर्तमान वडाध्यक्षको निधन

**रुपक खड्का/मध्यान्ह**
बझाङ, ३२ जेठ



बझाङको मष्टा गाउँपालिका ५ का निवर्तमान वडाध्यक्ष कम्मान आग्रीको निधन भएको छ।

स्वच्छ छवि भएका भद्र, सालीन नेताका रूपमा परिचित आग्रीको केही महिना अघि स्वास्थ्यमा समस्या देखिएपछि धनगढीको निर्सिङ अस्पतालमा उपचार गराएर घर फर्किएका उनको शुक्रबार दिउँसो निधन भएको पारिवारिक स्रोतले जनाएको छ।

२०७४ सालको स्थानीय तहको निर्वाचनमा मष्टा गाउँपालिका वडा नं. ५ मा नेकपा एमालेबाट निर्वाचित भएका उनी दलित समुदायका पहिलो वडा अध्यक्ष समेत रहेका थिए।

समाज रुपान्तरणमा सधैं अग्रसर देखिने आग्री दलित समुदायमा हुर्केपनि उनको सोच भने निकै दुरदर्शी देखिन्थ्यो। उनका गाउँका एकजना युवाले सामाजिक सञ्जालमा लेख्दै भनेका छन्, 'सबै मानिस एउटै हौं। मान्छे फरक हुँदैन भनेर समाजमा एकता कायम राख्ने उहाँका कामलाई हामी सधैंभर स्मरण गरिरहनेछौं।'

गाउँघर छरछिमेकसँग कुनै स्वार्थ नलिएर उल्टै समाजको विकासका लागि केही गर्नुपर्छ भन्ने भावना भएका पूर्व वडाध्यक्षको ५४ वर्षको अकल्पनिय निधनले गाउँबस्ती नै शोकमा रहेको स्थानीय गणेश बुढाले बताए।

त्यस्तै आग्रीको निधनपछि गहिरो दुःख व्यक्त गर्दै मष्टा गाउँपालिका गाउँकार्यापालिकाको कार्यालयले एक सरल र त्यागी नेतृत्व गुमाएको भन्दै विज्ञप्तिमार्फत समवेदना प्रकट गरेको छ। उनको शनिबार बिहान भोपुरको सिम्भाडि आर्यघाटमा अन्तिम दाहसंस्कार गरिने परिवारले जनाएको छ।

# बीबीएस प्रथम वर्षमा नेपाल प्रथम बनिन् अंवशिखा



**क्षितिज किरण/मध्यान्ह**
कपिलवस्तु, ३२ जेठ

त्रिभुवन विश्वविद्यालयद्वारा सम्बन्धन प्राप्त कपिलवस्तु बहुमुखी क्याम्पसको बीबीएस संकायमा अध्ययनरत छात्रा नेपाल प्रथम भएकी छन्।

बीबीएस संकायको प्रथम वर्ष(२०७९) को वार्षिक परीक्षाको नतिजामा कपिलवस्तु बहुमुखी क्याम्पसकी विद्यार्थी अंवशिखा बर्मा नेपाल प्रथम भएकी हुन्।

उनले सो संकायको प्रथम वर्षको वार्षिक परीक्षामा ४०४ अंक (८०.८० प्रतिशत)सहित उत्कृष्ट अंक ल्याएर नेपाल प्रथम भएकी हुन्।

विगत लामो समयदेखि कपिलवस्तुकै एक नेतृत्वदायी एवं प्रतिष्ठित शैक्षिक धरोहरको रुपमा कपिलवस्तु बहुमुखी क्याम्पस स्थापित रहेको दाबी गर्दै क्याम्पस प्रमुख डा.विनय पाण्डेयले विगतमा समेत उत्कृष्ट नतिजाहरु ल्याउन सफल भएको उल्लेख गरे।

यसअघि क्याम्पसमा अध्ययनरत विद्यार्थी महेश चौधरी नेपाल प्रथम र सलोनी पाण्डेय लुम्बिनी प्रदेशमा प्रथम हुन सफल भएको क्याम्पस प्रमुख पाण्डेयले बताए। यो क्याम्पसले विश्वविद्यालय अनुदान आयोगद्वारा क्युएए प्रमाणपत्र समेत प्राप्त गरिसकेको छ।

## इन्द्रेणी पाठशालामा नयाँ शिक्षक र विद्यार्थीलाई स्वागत

**लहान/मस**–सिराहाको धनगढीमाई नगरपालिका वडा नम्बर १० मा रहेको इन्द्रेणी पाठशाला अंग्रेजी विद्यालयमा नयाँ शिक्षक, शिक्षिका र विद्यार्थीलाई स्वागत गरिएको छ।

कार्यक्रममा प्रमुख अतिथिको रुपमा विद्यालयका संस्थापक बसन्त मल्ल ठकुरी गरेका थिए। २०६८ सालमा स्थापना भएको विद्यालय पुनः नयाँ व्यवस्थापनको साथ विगत तीन वर्षदेखि धनगढीमाई नगरपालिकामा सञ्चालनमा रहेको छ। उक्त विद्यालयमा हजारौं विद्यार्थीहरू अध्ययनरत रहेका छन्। इन्द्रेणी पाठशाला धनगढी माई नगरपालिका वरिपरिको गाउँका विद्यार्थी र अभिभावकहरूको मन जित्न सफल भएको छ। उक्त विद्यालयमा दक्ष तथा अनुभवी करिब ४० जना शिक्षक र शिक्षिकाहरु अध्यापन गराउनका लागि रहेको यसै विद्यालयका संस्थापक तथा भाइस प्रिन्सिपल अमित चौधरीले बताए।

विद्यालयमा साइन्स एण्ड आर्ट एक्जिबिसन अतिरिक्त क्रियाकलापहरू डान्स एक्स्ट्रा क्रियाकलाप र प्रत्येक दिन एसेम्लीमा क्वीज कन्टेन्स समेत राखेको यसै विद्यालयका शिक्षक राजेश मुखियाले जानकारी दिए।

## २०औं विश्व रक्तदाता दिवस
# दुई पत्रकार तथा रक्त अभियन्ता सम्मानित

**मध्यान्ह संवाददाता**
बाँके, ३२ जेठ



२० औं विश्व रक्तदाता दिवसको अवसरमा नेपालगञ्जमा रक्तदान लगायत विविध कार्यक्रमको आयोजना गरी मनाइको छ।

'रक्तदान उत्सवको दुई दशक, सबै रक्तदाताहरुलाई धन्यवाद' भन्ने मूल नाराका साथ विश्व रक्तदाता दिवस मनाइएको हो।

'रक्तदान जीवनदान' भन्ने उद्देश्यका साथ नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेको आयोजना र नेपालगन्ज औद्योगिक क्षेत्र उद्योग विकास संघ बाँकेको सह आयोजनामा सम्पन्न शुभकामना आदानप्रदान तथा रक्तदान कार्यक्रममा महिला पुरुष गरी १६ जनाले रक्तदान गरेका छन्।

सो अवसरमा शुभकामना आदान प्रदानसहित दुई जना पत्रकार तथा रक्त अभियन्तालाई सम्मान गरिएका थियो। सम्मानित हुनेमा बिहीबार मात्र एक सय पटक रक्तदान गर्ने शतक रक्तदाता सञ्चारकर्मी पवन जायसवाल र विगत लामो समयदेखि रक्तदान अभियानमा सक्रिय रुपमा क्रियाशील वरिष्ठ पत्रकार पूर्ण लाल चुकेलाई सम्मान गरिएको थियो, भने प्रादेशिक रक्तसञ्चार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मीलाई निरन्तर तीन दशकदेखि प्राविधिक सेवा गरेकोमा प्रशंसा पत्र प्रदान गरिएको थियो।

उनीहरुलाई प्रमुख अतिथि नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष टंक बहादुर धामी, नेपाल स्वयंसेवी रक्तदाता समाजका केन्द्रीय सदस्य गोविन्द वाग्ले, बाँके शाखाकी अध्यक्ष दिला शाह र नेपालगञ्ज औद्योगिक क्षेत्र उद्योग विकास संघ बाँकेका अध्यक्ष किरण कार्कीले दोसल्ला ओढाएर सम्मान तथा प्रशंसा पत्र हस्तान्तरण गरेका थिए। सोही कार्यक्रममा नेपाल स्वयंसेवी रक्तदाता समाज, बाँके शाखाकी अध्यक्ष दिला शाहलाई रक्तदानको अभियानमा निरन्तर लागेकाले प्रादेशिक रक्तसंचार सेवा केन्द्रका प्रमुख उपेन्द्र रेग्मी र सरिता सिंहले प्रशंसा पत्र प्रदान गरेका थिए। नेपालगञ्ज औद्योगिक क्षेत्र उद्योग विकास संघ बाँकेका अध्यक्ष किरण कार्कीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मानव प्रमुख अतिथि नेपालगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष टंक बहादुर धामी, नेपाल स्वयंसेवी रक्तदाता समाज, बाँके शाखाकी अध्यक्ष दिला शाह, सम्मानित त्रय पूर्णलाल चुके, पवन जायसवाल र उमेन्द्र रेग्मीले जीवनमा रगतको महत्व र आवश्यकताका बारेमा बोल्दै रगतको अभाव हुन नदिन सबैले आ-आफ्नो तहबाट रक्तदान अभियानमा हातमालो गुर्नपर्ने धारणा राखेका थिए।

कार्यक्रमको प्रारम्भमा समाजका केन्द्रीय अध्यक्ष १ सय ७८ पटक रक्तदान गर्ने रक्त सम्राट प्रेम सागर कर्माचार्यले तयार गरेको रक्तदान सम्बन्धी गीत समाजकी बाँके अध्यक्ष शाहले सार्वजनिक गरेकी थिइन्। समाजका जिल्ला सचिव भीष्म लोदले सञ्चालन गरेको कार्यक्रममा नेपालगञ्ज औद्योगिक क्षेत्र उद्योग विकास संघ बाँकेका निवर्तमान अध्यक्ष राजेश मास्के, वरिष्ठ उद्योगपति चम्पालाल बोथरा, उद्योगपति रिद्ध करण जैन, नेपालगन्ज औद्योगिक क्षेत्रका नि. कार्यालय प्रमुख जागेश्वर चौधरी लगायत चार दर्जनको सहभागिता रहेको थियो।

### सत्तारुढसँगै...

गराए। गृहमन्त्रालयका अन्य संयन्त्रबाट पनि चुस्तदुरुस्त सेवा प्रदान भइरहेको दाबी गरे। धेरै प्रगति विवरण सुनाउन नसकेका गृहमन्त्री लामिछानेले पटक-पटक दोहोऱ्याए - सरकार फेरिँदा पनि सत्ता नफेरिने रहेछ।

आफ्ना कुराहरु राखिसकेपछि लामिछाने पत्रकारका प्रश्नहरुको जवाफ नदिई कार्यक्रमस्थलबाट बाहिरिएका थिए। अर्थात्, उनी सरकारमा रहेर काम गर्न नसकेको र धेरै केही गरेको देखाउन नसक्ने अवस्था थिए। त्यही भाव प्रकट गरे। तर कसले काम गर्न नदिएको भनेर उनले कुनै व्यक्ति, दलप्रति लक्षित गरेनन्।

हल सरकारमा नेकपा एमाले, नेकपा माओवादी केन्द्र, रास्वपा, नेकपा एकीकृत समाजवादी सहभागी छ। जसपा नेपाल फुटेर बनेको जसपा पनि सरकारमा छ। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारको नेतृत्व गरिरहेका छन्। रास्वपा सभापति लामिछानेकै नेतृत्वमा सरकारमा छ।

### पोर्चुगल...

प्रक्रियामा नगएको आंकलन सामाजिक कार्यमा संलग्न नेपालीहरुले गरेका छन्। वैधानिकीकरणको कार्ड बनाउने प्रक्रिया स्थगित भएपछि केही नेपाली अन्य युरोपेली मुलुकतर्फ जान थालेको बताइएको छ। पोर्चुगलमा वैधानिकीकरण कार्डका आधारमा लामो समय बस्न मिल्ने स्थायी अनुमति पत्र जारी हुने गरेको छ।

पोर्चुगलमा नेपाली कामदार कृषि र रेष्टुराँमा काम गर्न श्रम स्वीकृति लिएर जाने गरेका छन्। त्यहाँ करिब एक लाख नेपाली रहेको भएपनि श्रम स्वीकृति लिएर जानेको संख्या भने ३ हजार हाराहारीमा रहेको आंकलन छ। युरोपेली मुलुकमध्ये पोर्चुगलमा सबैभन्दा धेरै नेपाली कामदार रहेको आंकलन छ। केही नेपाली शुरुमा युरोपका भिसा सजिलोसँग पाउने देश गएर कार्ड बनाउनका लागि पोर्चुगल पुग्ने गरेका छन्।

पोर्चुगलका प्रधानमन्त्री मोन्टेनेग्रोले नयाँ नीति सार्वजनिक गर्ने क्रममा आफ्नो देशको समृद्धिका लागि विदेशी कामदारहरु आवश्यक पर्ने, तर त्यसका लागि पूरै बाटो खुला नराख्ने बताएका छन्। कतिपयले प्रधानमन्त्री मोन्टेनेग्रोको उक्त भनाइले श्रम सम्झौता र श्रम स्वीकृतिका माध्यमबाट उक्त मुलुक जाने अवसरको ढोका खुल्न सक्ने र नेपालको सरकारी पक्षले त्यसका लागि पहल गर्नुपर्ने सुझाव दिएका छन्।

### हृदयाघातका...

नर फगामी मगरले जानकारी दिए। बिहान ८ बजे काममा गएका उनी दिउँसो ३ बजे काम गर्दागर्दै एक्कासी ढलेका थिए। कार्यस्थलमै ढलेर अचेत भएका उनलाई तत्काल अस्पताल पुऱ्याइएको भएपनि अस्पतालले मृत घोषणा गरेको थियो।

मृतक पाइजा माल्टा हुँदै ६ महिनाअघि पोर्चुगल आएका थिए। उनको शव बेजास्थित ओडीमिरा अस्पतालको शव गृहमा राखिएको फगामीले बताए। पाइजाका श्रीमती, एक छोरी र दुई छोरा नेपालमा रहेका छन्।

परिवारको आग्रहमा उनको शव नेपाल पठाउने तयारी भइरहेको फगामीले बताए। परिवारको आर्थिक अवस्था कमजोर रहेका कारण शव पठाउनका लागि आर्थिक संकलन शुरु गरिएको बताउँदै उनले सो कार्यमा सहयोग गर्न पोर्चुगलवासी नेपाली समुदायसँग आग्रहसमेत गरेका छन्।

### नीति...

गरिएको छ। महानगरले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा महानगरभित्र धूम्रपान, मद्यपान र लागू औषध प्रयोगमा पूर्ण बन्देज लगाउने नीति लिने भएको छ।

साथै खाद्य पदार्थको गुणस्तर र स्वच्छता कायम गर्न आवश्यक प्रबन्ध मिलाइने भनिएको छ। महानगरभित्र सञ्चालित स्वास्थ्य संस्थाको दर्ता प्रक्रियालाई सूचना प्रविधिमा आधारित बनाइने उनको भनाइ थियो। स्थानीय तहले प्रत्येक वर्ष असारभित्र १० गतेभित्र वार्षिक बजेट ल्याउनुपर्ने व्यवस्था छ।

'सांस्कृतिक सहर समृद्ध महानगर'को नारा काठमाडौं महानगरको सांस्कृतिक पहिचानलाई दिगो बनाउँदै जीवन्त सहरको रूपमा विकास गरिने नीति तथा कार्यक्रममा उल्लेख छ।

कम्तीमा २० जना व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने गरी नयाँ दर्ता हुने व्यवसायीलाई सुरुको ३ वर्ष व्यवसाय करमा शतप्रतिशत कर छुट दिने घोषणा पनि नीति तथा कार्यक्रममार्फत गरिएको छ।

महानगर क्षेत्रका सहकारीका कारोबारलाई विद्युतीय प्रणालीमा आबद्ध गर्ने, सहकारी सूचना केन्द्र बनाएर सुशासनलाई प्रभावकारी बनाउने, विद्यार्थीको मानसिक तथा शारीरिक विकासका लागि खेलकुद अनिवार्य गर्ने, विद्याथीको क्षमता विकासका लागि शैक्षिक र भौतिक पूर्वाधार निर्माण गर्ने भनिएको छ।

काठमाडौंलाई अन्तर्राष्ट्रिय शैक्षिक गन्तव्यका रूपमा विकास गरी विदेशी विद्यार्थी आकर्षित गरिने घोषणा छ।

महानगरभित्र सञ्चालित स्वास्थ्य संस्थाको अनुगमन व्यवस्थित बनाइने, सहरी अति गरिबहरूका लागि एक घर एक रोजगारीको व्यवस्था गरिने, ज्येष्ठ नागरिकको ज्ञानलाई पुस्तान्तरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने उल्लेख छ। रैथाने सिपको राष्ट्रिय तथा अन्तर्राष्ट्रियता ब्राण्डिङ गरिने, टुकुचालाई खुला बग्न दिन विशेष परियोजना सञ्चालन गरिने पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

निर्माण सामग्रीको गुणस्तरको जाँचका लागि प्रयोगशाला बनाइने, सडक तथा फुटपाथ मर्मतका लागि पूर्वाधार एम्बुलेन्स सञ्चालन गरिने पनि नीति तथा कार्यक्रम सञ्चालन गरिने छ।

वसन्तपुर गुरुयोजना तयार गर्ने, हाँडीलाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गर्ने, जात्राहरूको संरक्षण गर्नेलगायत विषय पनि नीति तथा कार्यक्रममा उल्लेख छ।


**कतारमा रोजगार** | कम्पनी: AL AJWAD FOR CAR REPAIRINGS
शहर: Qatar

पूर्व स्वीकृत मिति : २०८१/०२/३२ | चलानी नं. : ६०२२११६४ | LT. No.: 306460

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक दा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | mechanic | 2 | 0 | | 1200 | ४३,८९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ८ गते (22 June 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Concept Placement Resource Pvt. Ltd.
Basundhara 5, Kathmandu Nepal.
Contact: 977 15918247, 9801186314.
Email:inquiry@cpr.com.np
Gov. Lic. No. 1636/080/081

कुवा सुकेपछि पानीको हाहाकार

# डोको र गाग्री बोकेर स्थानीयद्वारा पालिकामा धर्ना

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, ३२ जेठ




पश्चिम सुर्खेतको चौकुने गाउँपालिकास्थित रेक्चाका नागरिकले खानेपानीको माग राख्दै गाउँपालिका घेराउ गरेका छन् । प्रदेशको राजधानी वीरेन्द्रनगरदेखि ८० किलोमिटर टाढा पश्चिमको सुर्खेत चौकुने गाउँपालिका-५ रेक्चाबासीहरु खानेपानीको माग गर्दै आन्दोलनमा उत्रिएका हुन् । बिहीबार दिनभर उनीहरुले चौकुने गाउँपालिकाको कार्यालय घेराउ गरे ।

रेक्चाका सबैजसो घरधुरीबाट गाउँपालिकाको मुकाम गुटु आएका नागरिकहरूको पिठ्युँमा गाग्रीसहितको डोको र हातमा पर्चा, पम्प्लेट थिए । उनीहरूको एउटै प्रश्न थियो, '२१औं शताब्दीमा एक गाग्री पानीका लागि कति वर्ष कुर्ने सरकार ?'

रेक्चा पालिकाको मुकाम गुटुदेखि उत्तरतर्फ करिब चार किलोमिटरको दुरीमा पर्छ। अग्लो पहाडको थुम्कोमाथि समथर मैदानमा रहेको यो गाउँ वर्षौंदेखि पानीको चरम अभावमा गुज्रिरहेको छ। खानेपानी संघर्ष समितिको नेतृत्व वडाध्यक्ष तुलाराम हिस्की मगर र तपेन्द्र बुढाले गरिरहेका छन् । बुढा वडा सदस्य पनि हुन् । उनीहरुकै नेतृत्वमा यहाँका महिला, केटाकेटीदेखि बुढापाकाहरू बिहीबार बिहानै डोको र गाग्री बोकेर आन्दोलन गर्न पालिकाको मुकाम गुटु आएका हुन्। उनीहरु निरन्तर दिनभर पालिकामै धर्नामा बसेका थिए। खानेपानीका लागि भूमिगत कुवा रहेको रेक्चामा यो वर्ष खडेरीका कारण सुकेपछि आफूहरुले पालिका घेराउ गरेको अध्यक्ष मगरले बताए ।

चौकुने गाउँपालिका- ५ मा पर्ने रेक्चामा झण्डै ४५ घरधुरी छन् । खानेपानीको चरम संकट चुलिएपछि स्थानीयवासीहरू रेक्चा खानेपानी संघर्ष समिति नै गठन गरेर विरोधमा उत्रिन बाध्य भएको अध्यक्षको भनाइ छ । गाउँमा १० वटा कुवामध्ये ८ वटा पुरै अस्तव्यस्त भइसकेका छन् । बाँकी रहेका दुई वटा कुवामा खडेरीका कारण पानी सुक्यो । यहाँ खानेपानीको योजना बुनिएको छ । तर अहिलेसम्म अधुरो रहेको स्थानीय बताउँछन् ।

'खानेपानीका लागि जनताले पैसा पनि उठाएका थिए, तर त्यो पैसा कहाँ गयो पत्तो छैन भने उपभोक्ता समितिले पनि खासै ध्यान दिएन,' वडा सदस्य बुढा भन्छन्, 'जति नेताहरू आए पनि खानेपानी पुऱ्याउँछौं भन्छन्, तर काम कहिल्यै गर्दैनन्। हामीलाई नेताहरूले ढाँट्ने काम गर्नुभयो। हाम्रो दुःख उस्तै छन्।'

कुवामा पानी आएपनि पालो कुरेर बल्लतल्ल एक गाग्री पानी पाउने गरेको स्थानीय बताउँछन्। उनीहरु आफूले मात्रै नभइ पशुले समेत चाहेअनुसार पानी पिउन नपाएको गुनासो गर्छन्। खडेरीको समयबाहेक अन्य दिनमा बढीमा २ गाग्री पानी वितरण हुन्थ्यो । उक्त पानीले खाना पकाउने, पिउने, हातमुख धुने, शौचालयका लागि समेत प्रयोग गर्नुपर्ने बाध्यता थियो । अहिले त्यही पानी पनि सुकेर लेदो भइसकेकाले निकै समस्या भएको बुढाले बताए । पानीको चरम अभाव भएको रेक्चालाई सरकारले कहिल्यै प्राथमिकतामा लिएको छैन । स्थानीय सरकार बनेपछि पनि न पर्याप्त बजेटको व्यवस्था छ न कुनै आयोजनाका लागि प्रदेश र संघले पहल नै थालेको उनले बताए ।

यहाँ केही वर्षअघि प्रदेश सरकारले १ करोड २६ लाखको लागतमा लिफ्ट खानेपानी आयोजना शुरु गरेको थियो । एकातिर आयोजनाका लागि उक्त बजेट पर्याप्त भएन, अर्कोतिर विद्युतको पहुँच नहुँदा अहिले सो आयोजना नै अलपत्र छ। मानव अधिकारवादी संस्थाहरूले यहाँको खानेपानी अभावको विषयलाई लिएर राज्यविरुद्ध मुद्दासमेत दायर गरेका थिए। यता गाउँपालिकाका अध्यक्ष खड्ग विक (विवश) सरकारबाट भइरहेको खानेपानी आयोजना सक्सेस नभएकाले त्यो ठाउँका लागि ठूलो रणनीतिक योजना बनाउनुपर्ने बताए । यद्यपि यो ठाउँको दीर्घकालीन समस्या समाधानका लागि भने नयाँ तरिकाले सम्भाव्यता अध्ययन गर्नुपर्ने उनको भनाइ छ ।

# गर्मी बढेसँगै नारायणी अस्पतालमा बढे सर्पदंशका बिरामी




**आबिद हुसेन/मध्यान्ह**
वीरगञ्ज, ३२ जेठ

गर्मी बढेसँगै वीरगञ्जको नारायणी अस्पतालमा सर्पदंशका बिरामीको संख्या अत्यधिक बढेको छ। नारायणी अस्पतालमा पछिल्लो दुई हप्तामा मात्रै सर्पदंशका ६१ जना बिरामी उपचारका लागि भर्ना भएको अस्पतालले जनाएको छ ।

जेठ १५ देखि ३१ गतेसम्म अस्पतालमा सर्पदंशका ६१ जना बिरामी उपचारका लागि आएको र तीमध्ये २० जना बालबालिका, २२ जना महिला र १९ जना पुरुष रहेको अस्पतालका सूचना अधिकारी सुनिल रौनियारले जानकारी दिए ।

यसअघि जेठ महिनामा कहिलेकाँही मात्र सर्पले टोकेका बिरामी अस्पतालमा आउने गरेको भएपनि यस वर्ष गर्मी अत्यधिक बढेपछि अस्पतालमा दिनहुँ औसतमा ५-६ जना सर्पदशंका बिरामी आइरहेको अस्पतालको भनाइ छ । नारायणी अस्पतालमा पर्सासँगै बारा, रौतहट र सर्लाही जिल्लाबाट समेत सर्पदशंका बिरामी उपचारका लागि आउने गरेको आकस्मिक कक्षका डाक्टर एराज खानले बताए ।

नारायणी अस्पताालमा केही दिन पहिलेसम्म सर्पदशंका बिरामीलाई लगाउनुपर्ने एन्टी स्नेक भेनम (सुई) को अभाव रहेको भएपनि अहिले भने अभाव नरहेको अस्पतालले जनाएको छ । तर विषालु सर्पले डसेर जटिल अवस्थामा पुगेका बिरामीलाई थप उपचारका लागि भर्ना गरेर राख्नुपर्ने अवस्थामा भने आईसीयू बेडको अभावले समस्या भइरहेको डाक्टर खानले बताए । उनका अनुसार हिउँद याममा भन्दा गर्मी मौसममा सर्पको सक्रियता बढ्ने गरेकाले सर्पदशंका घटना अत्यधिक हुने गरेको छ । गर्मीमा पानी नपरेर जमिनमुनिको तापक्रम पनि बढ्ने र त्यसले दुलोभित्र बस्ने गरेका सर्पहरु उकुसमुकुस भएर बाहिर निस्किने गरेको डाक्टर खानले बताए ।

सर्पदंशबाट जोगिन घरभित्र र वरिपरिका प्वालहरु टाल्ने, रातिको समयमा हिँडडुल नगर्ने, हिँड्नै परे चप्पल वा जुत्ता लगाएर तथा टर्च लाइट बालेर हिँड्ने, राति सुत्दा झुल टाँगेरमात्रै सुत्ने तथा भुइँमा नसुत्नेलगायतका सावधानीहरु अपाउन डाक्टर खानले सुझाव दिए।

# अर्घाखाँचीका आगलागी पीडितलाई कांग्रेस नेतृ भुसालको सहयोग

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३२ जेठ



नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवम् पूर्वउपसभामुख पुष्पा भुसालले अर्घाखाँचीका आगलागी पीडितलाई खाद्यान्न तथा ब्लयांकेट सहयोग गरेकी छन् ।

शुक्रबार नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सहमहामन्त्री विष्णु प्रसाद खनाल मुस्कान, जिल्ला सभापति केशव श्रेष्ठ, जिल्ला सचिव कृष्णप्रसाद खनालको उपस्थितिमा भुसालले प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीलाई आगलागी पीडितका लागि खाद्यान्न तथा ब्ल्यांकेट हस्तान्तरण गरेकी हुन् ।

सो अवसरमा कांग्रेस केन्द्रीय सदस्य भुसालले सानो सहयोगले पनि पीडितलाई केही राहत मिल्ने भएकाले आफूले सहयोग गरेको र थप सहयोगका लागि पहल गरिरहेको बताइन् ।

भुसालले यसअघि पनि अर्घाखाँचीमा विपद्मा परेका तथा विभिन्न रोग लागेर उपचारमा समस्या भएकाहरुलाई आर्थिक सहयोग गर्दै आएकी छन् ।

सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी खत्रीले अर्घाखाँचीवासीले पीडितहरुलाई निकै ठूलो सहयोग गरेको र स्थानीय सरकारसहित विभिन्न संघसंस्थाको सहयोगले पीडितहरुको आवास निर्माण हुन लागेको बताउँदै सहयोगी संस्थाहरुलाई धन्यवाद ज्ञापन गरे । अर्घाखाँचीमा यस वर्ष आगलागीका कारण सबैभन्दा बढी भूमिकास्थान नगरपालिका वडा नम्बर ३ धारापानीमा ठूलो क्षति पुगेको थियो ।

# गण्डकी प्रदेश समन्वय परिषद् कतारले गऱ्यो मानवीय सेवामा आर्थिक सहयोग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ३२ जेठ



गण्डकी प्रदेश समन्वय परिषद् कतारले प्रदेश मातहतका जिल्लाहरूलाई अति आवश्यक क्षेत्रमा सहयोग गर्ने उद्देश्यले आर्थिक सहयोग गरेको छ। गण्डकी प्रदेशभित्रबाट कतारमा स्थापना गरिएका ८ वटा जिल्लामा मानवीय कार्यमा सहयोगार्थ प्रत्येक जिल्लामा पचास हजार रुपैयाँका दरले आर्थिक सहयोग गरिएको छ । परिषद्ले एक कार्यक्रमका बीच शुक्रबार बिहान उक्त सहयोग हस्तान्तरण गरेको छ ।

प्रदेश समितिले प्रत्येक जिल्लाका अध्यक्षहरुलाई आफ्नो जिल्लामा सहयोगका लागि अति आवश्यक क्षेत्रको पहिचान गराइ कार्यसमितिमा जानकारी गराउन आग्रह गरेको थियो। उक्त आग्रहबमोजिम आठ वटै जिल्ला संस्थाले आफ्ना जिल्लामा अति आवश्यक क्षेत्रको पहिचान गरी प्रस्ताव पठाएको थियो । प्रस्ताव उपर समितिले छलफल गरी सहयोग प्रदान गर्ने निर्णय गरेपश्चात उक्त सहयोग हस्तान्तरण गरिएको हो ।

प्राप्त सहयोगलाई जिल्ला अध्यक्षहरूले तोकिएकै स्थान र शीर्षकमा खर्च गर्ने प्रतिबद्धता जनाएका छन् । म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले बेनी नगरपालिका वडा नं. ९ स्थित श्री गलेश्वरधाममा रहेको ज्येष्ठ नागरिक आश्रममा सहयोग गर्ने, कास्की आदर्श समाज कतारले श्रृजना बहिरा आवासीय माध्यमिक विद्यालय पोखरामा शैक्षिक अक्षयकोष वृद्धिका लागि सहयोग गर्ने भएको छ। गोरखा सेवा समाज कतारले मानव सेवा आश्रम गोरखा शाखाका बालगोपालहरुका लागि खाद्यान्न सामग्री खरिद गरी हस्तान्तरण गर्ने भएको छ।

त्यस्तै लमजुङ सेवा समाज कतारले क्होलासोथार गाउँपालिका पसगाउँस्थित ठाँटी माध्यमिक विद्यालय र दोर्दी गाउँपालिका-६ ढोढेनीस्थि सिद्ध प्राथमिक विद्यालयलाई एक-एक थान कम्प्युटर सेट प्रदान गर्ने, पर्वत समाज कतारले जलजला गाउँपालिका-४ मा रहेका फट्केढुंगा आधारभूत विद्यालय र लुग्दी आधारभूत विद्यालयका ५/५ जना विपन्न विद्यार्थीलाई पोसाक तथा स्टेशनरी सामग्री वितरण गर्ने भएको छ । स्याङ्जा सहयोग समाज कतारले स्याङ्जा वालिङ स्वरेकमा रहेको नमुना स्वरेक एम्बुलेन्सलाई थप प्रभावकारी बनाउन सहयोग गर्ने, तनहुँ सेवा समाज कतारले देवघाट १ पार्वती माध्यमिक विद्यालयमा आवश्यकबमोजिम परियोजना लैजाने भएको छ । बागलुङ सेवा समाज कतारले बागलुङ नगरपालिका बागलुङमा रहेको मानव सेवा आश्रममा खाद्यान्न तथा लत्ता कपडा खरिद गरी सहयोग गर्ने भएको छ ।

प्रदेश समितिमा २३ मार्च २०२४ सम्ममा १० हजार २० कतारी रियाल रहेको र आठ वटै जिल्लाका योजना तथा प्रस्तावमा रकम प्रदान गर्न अपुग भएपछि थप आर्थिक संकलन गरी सहयोग गरिएको समितिका कोषाध्यक्ष रोशन अर्यालले बैठकमा जानकारी दिए। उनले समितिभित्रका विभिन्न व्यक्तित्वहरूबाट ५ हजार ८ सय ५ रियाल सहयोग स्वरूप प्राप्त भएपछि उक्त रकमलाई मूल रकममा जोडेर प्रत्येक जिल्ला संस्थाहरूलाई १ हजार ३ सय ७० रियालका दरले सहयोग प्रदान गरिएको स्पष्ट पारे । कार्यक्रममा वक्ताहरूले गण्डकी प्रदेश कार्यसमितिले फरक किसिमको अवधारणा ल्याएर आर्थिक सहयोग गरेको भन्दै प्रशंसा गरेका थिए ।

महासचिव कल्याण थापाले सहजीकरण गरेको कार्यक्रमको अध्यक्षता गरेका समितिका अध्यक्ष सागर पौडेलले जिल्लामा मानवीय कार्यका लागि प्रदान गरिएको रकम सोही शीर्षकमा यथाशक्य उपलब्ध गराइ परिषद् समितिमा जानकारी गराउन आग्रह गरे ।

## गरुडा नगरपालिकाको प्रशासकीय भवन शिलान्यास

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ३२ जेठ

रौतहटको गरुडा नगरपालिकाको प्रशासकीय भवनको शिलान्यास गरिएको छ । शुक्रबार नगर प्रमुख कन्थमणी प्रसाद जयसवालले भवनको शिलान्यास गरेका हुन् । १३ कोठे भवनको कूल लागत ३ करोड ३३ लाख रुपैयाँ रहेको गरुडा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मो.मुस्ताक आलमले जानकारी दिए । गरुडा बजारमा बन्न लागेको उक्त भवन निर्माणको जिम्मा श्रेष्ठ बटुक जेभी वीरगञ्ज पर्साले पाएको छ । भवन निर्माणकार्य १२ महिनाभित्र गरिसक्नुपर्नेछ । आफ्नै भवन नहुँदा नगरपालिकाले अहिले पनि भाडाको घरबाट सेवा दिइरहेको छ । शिलान्यास कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य उद्धव रेग्मी, पूर्वसांसद रेखा झा, उपमेयर पुनम देवी चौधरी, वडा नं १ देखि ९ सम्मका जनप्रतिनिधिहरु, निवर्तमान जनप्रतिनिधिहरु, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका अगुवा, कर्मचारी, सञ्चारकर्मी तथा स्थानीयहरुको सहभागिता रहेको थियो ।

**स्पा थेरापिस्ट चाहियो**

एक प्रतिष्ठित स्पा हाउसको लागि
**स्पा थेरापिस्ट** हरुको
आवश्यकता भएकोले इच्छुक व्यक्तिहरुले
तुरुन्त सम्पर्क गर्नुहोला ।

Mob : 9821820456

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१/03/01**

**जी.एस. ग्रुप प्रा.लि.**को मिति २०८१/०२/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **घर संसार ग्रुप अफ कम्पनी प्रा.लि. (प्रा.लि. नं.: २६७८४०)** कायम गर्ने गरी मिति २०८१/०२/३१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**पूर्वाधार विकास कार्यालय, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/03/01**

यस कार्यालयबाट प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिमको निर्माण कार्यको लागि रीतपुर्बक विद्युतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आयोजनाको नाम र ठेगाना | छनौट भएको निर्माण कम्पनिको नाम र ठेगाना | कबोल अङ्क रु (भ्याट सहित) |
|---|---|---|---|
| IDO-JHP /W/NCB/ MR-120/080-81 | Upgrading of Madanpur- Pharsibari Road, Arjundhara, Jhapa | Singh Nirman Sewa, Bhadrapur, Jhapa | 26,35,828.72 |
| IDO-JHP /W/NCB/ MR-121/080-81 | Upgrading of Tinghare-Shantipur-Barphalyang (Mechi Rajmarga and Madan Bhandari Rajmarga Connection road), Ilam | Global Construction, Triyuga-08, Uayapur, Nepal | 45,63,778.72 |
| IDO-JHP /W/NCB/ MR-122/080-81 | Upgrading of Sukhani Danabari Chisapani Rajduwali Road ( Sombare-Karphok Khola Khanda), Ilam | Prabin Nirman Sewa, Ilam-07, Ilam | 53,79,861.77 |
| IDO-JHP /W/NCB/ MR-123/080-81 | Upgrading of Harkate Rambhyang Salakpur Ninda Sadak, Ilam | Bikalpa Nirman Sewa and Suppliers Pvt.Ltd., Maijogmai Ga.Pa., Ilam | 42,00,470.67 |

**कार्यालय प्रमुख**



## संस्कृतिबारे चर्चा

# भूमे नाच : मगर समुदायलाई एकताबद्ध गराउने पर्व



■ सुर्य प्रकाश बुढा मगर

> सांस्कृतिक पर्वहरु जुन समुदायसँग जोडिएका छन्, त्यसमा ति समुदायको इतिहास पनि जोडिएको पाइन्छ । भूमे पर्व पनि मगर समुदायको इतिहाससँग जोडिएको पर्व हो । यसले मगर एकातिर मगर समुदायलाई आफ्नो इतिहासको बोध गराउँदै एकताबद्ध गराउन प्रेरणा दिन्छ भने अन्य समुदायलाई पनि भ्रातृत्व र सहिष्णुताको बोध गराउँछ ।



आज असार १ गते, मगर समुदायको विशेष दिन । आज पश्चिमी नेपालको बागलुङ, रुकुम पश्चिम, पूर्वी रुकुम, रोल्पालगायत विभिन्न जिल्लामा मगर बाहुल्यता भएका ठाउँमा भूमे पर्व (भूमे नाच)लाई धुमधाम मनाइन्छ । मौलिक, कला, सांस्कृतिक, भेषभुषा र धार्मिक महत्व बोकेको भूमे नाचले मगर समुदायलाई एकताबद्ध गराउन भूमिका खेलेको पाइन्छ ।

सांस्कृतिक पर्वहरू जुन समुदायसँग जोडिएका छन्, त्यसमा ति समुदायको इतिहास पनि जोडिएको पाइन्छ । भूमे पर्व पनि मगर समुदायको इतिहाससँग जोडिएको पर्व हो । कथाअनुसार खोलाको पानी लिन गाउँबाट केही माथि ठुल्ठुला पहरा-पहाडहरू काटेर जानु पर्दथ्यो । खोलामा पानी भर्न जाने क्रममा कुनै जोग पारेर मान्छे हराइरहेका हुन्थे । यसरी पानी भर्न जाने मान्छे हराउँदै जाँदा गाउँ नै भावविह्वल भयो । यसरी गाउँ नै शोकमा डुबेपछि गाउँका मुखियाले गाउँभेला बोलाइ मान्छे हराएको पत्ता लगाउन गाउँका सबैलाई खटाउँछन् । पाँच/छ जनाको टोली बनाएर पानी भर्न लगाउँदा फर्कने क्रममा पछिल्लो पानी भरुवालाई पहराको मुनिबाट निस्केको सर्पले खाएको देख्छन् । यसरी सर्पले खाएको थाहा पाएपछि गाउँलेहरू भेला भई कसरी सर्पलाई ठिक बनाउन सकिन्छ भनेर छलफल हुँदा सिर्पाली बिकले म त्यो सर्पलाई आफ्नो काबुमा ल्याउन सक्छु भनेपछि सिर्पाली बि.क. एक धार्नीको सनासो (तातो वस्तु समात्ने फलामबाट बनेको उपकरण)बनाएर पानी भर्न मान्छे पठाइन्छ र सर्प खान निस्केको बेला सनासोले सर्पको घाँटीमा अठ्याउँछ र सिर्पालीले सोध्छन् "तँ को होस् तैँले किन मानव क्षति बनाइरहेको छस् ?" भन्दा सर्पले सिर्पालीलाई आग्रह गर्छ "मलाई नमार मनुखे, म भूमि देवता जेठको मसान्तको दिन दूध मात्र खाएर असार १ गते मलाई एक हाँसे भेडा लिएर पूजा गर्नु, मैले मानव क्षति पनि गर्दिनँ र बाढीपहिरो पनि रोक्छु" भनेपछि त्यही वर्षबाट पूजा गर्न साथै कुनै मानवीय क्षति नभएको र बाढीपहिरो पनि नगएको कहानी पढ्न पाइन्छ । त्यसैले भूमि देवतामाथि विजय प्राप्त गरेको उपलक्ष्यमा 'भूमे पूजा' भूमे नाच सुरु भएको इतिहास विद्यमान छ ।

यो पर्व उत्तरी रोल्पा र रुकुमपूर्वमा मात्र सीमित नरही पछिल्लो केही वर्षदेखि राष्ट्रिय र अन्तर्राष्ट्रियकरण भएको छ । त्यस क्षेत्रबाट बसाई सरेर गएका डायस्पोराहरूले काठमाडौं, दाङ तथा पोखरालगायतका नेपालका सहर तथा अमेरिका, जापान, युके, कतारलगायतका विभिन्न देशमा विस्तार गरेका छन् । विश्वको विकसित मानिने राष्ट्र अमेरिकामा पनि रोल्पा रुकुममा मनाइने पर्व भूमे नाच प्रस्तुत गरिएको पाइन्छ । नेपाल डे परेडले जुन २०२४ को अवसरमा अमेरिकाको बेस्ट शहर अर्थात् विश्वलाई ध्यानाकृष्ट गर्ने म्यान्ह्याटन शहरमा रोल्पा रुकुममा मनाइने भुम्या नाच प्रस्तुत गरिएको थियो । भूमे पर्व फुकाउने दिन गाउँअनुसार फरक-फरक हुने भएकोले एकरूपता भने छैन । तर, जसले जति गते भूमे पर्व मनाए पनि जेठ महिनामै फुकाउँछन् । कुनै गाउँमा जेठको १ गते, कुनै गाउँमा जेठ १५ गते भने कुनै गाउँमा पुन्नीको दिनमा फुकाउँछन् । भूमे पर्व फुकाउँदा गाउँका मुखिया प्रधानपञ्च कहाँ गएर जुलीधजा धार्नी रक्सीले ढोग गरी अनुमति मागेपश्चात दमाई कहाँ गएर बाँजागाँजा फुकाउने चलन रहेको छ ।

हरेक वर्षको असार १ गतेका दिन रोल्पा, रुकुम पश्चिम्, पुर्वी रुकुम, बागलुङलगायतका विभिन्न मगर समुदाय रहेको गाउँ ठाउँमा र यी जिल्लाबाट बसोबास गर्ने मगरहरूले काठमाडौंलगायतका नेपालका अन्य जिल्लाहरूमा बसोबास गर्ने मगर समुदायले पनि भूमे पर्व मान्ने र नाच्ने गर्दछन् । विशेषगरी खाम गर्ने मगर समुदायले भूमे नाचलाई पर्वको रूपमा मनाउँदै आएको पाइन्छ । कालो चोलीमा, रातो थोप्ला भएको कालो गुनियोलाई पटुकीले कसेर लगाएपछि बाहिरबाट मखमलको रातो घलेक अनि पछ्यौराका साथै, गहना लगाएर चिटिक्क परेका महिला तथा कालो चोलीमै कालो धर्का हालेको घरबुना धरोलाई पटुकीले कसेर लगाई मखमलकै कालो घलेक लगाएर सजिएका पुरुष दमाह, ट्याम्की, छिल्लर र सहनाईको तालमा लहरै नाच्ने नाच हो भूमे नाच ।

भूमे नाच फुकाउनु अगाडि युवा-युवतीको एक भूमे नाच समूह बन्छ, जसको नाम ठाउँअनुसार फरक हुन्छ । कुनै ठाउँमा नोगोवाङ, कुनै गाउँमा भल्क पसिने समूह । त्यही समूह जेठ मसान्तको अघिल्लो दिन रोटी, रक्सी लिएर दिउँसो ४/५ बजेतिर लेक चढ्छन् । नाच्दै गाउँदै लेक चढेको समूहले डाँडाकाँडा भरिभराउ बनाएको हुन्छ । डाँडाको युवा युवतीको लस्कर मौसमअनुसार बसाइँ सर्ने मालचरिको समूह झैं नाच्दै लाग्छ । उकाली काटेपछि ४/५ घण्टामा लेकको नजिक पुग्छन् र त्यहीँ बास बसी रातभरि भूमे नाच, झाम्रे गीत गाएर बिहानको ३ बजाउँछन् । ३ बजेतिर पुजारी उठेर लेकमा पूजा गर्न गएपश्चात बल्ल फूल टिप्न जाने समूह उकाली चढ्छन् ।

फूल टिप्न जाने समूहले जान वा अन्जाले जुठो पिटो भएमा माफी दिनु, फूल टिप्न आउने समूहलाई भिरबाट जोगाइदिनु, ढुङ्गामुढाबाट जोगाइदिनु, बुकी लाग्नबाट जोगाइदिनु भनेर पन्थ्यौली र लेकका सिद्ध देवतालाई पुकारेपछि फूल टिप्न जाने समूह भिरपाखामा छरिएर फूल टिप्न लाग्छन् । फूल टिपेर एक मुर्ला लिएर आफ्नो पन्थ्यौलीमा मुर्ला गाडेर आ-आफ्नो पन्थ्यौली घुमाइ नाचेपछि नोगोवाङ समूह महिलाको पछ्यौरी जोडेर लामो बनाई घरतिर बाटो लाग्छन् ।

नाच्दै गाउँ आउने क्रममा एक जलाकी भेटिन्छ । त्यहाँ एक मुर्ला गाडेर नयाँ फूल टिप्न गएको व्यक्तिलाई उक्त जलाकी बोकेर घुमाउँछन् । बुढापाकाका अनुसार बोकेर घुमाएपछि बोकी माग्नेलाई शुभ हुन्छ भनेर एक/दुई पैसा पन्थ्यौली अथवा जलाकीमा चढाउँछन् । केही तल आएपछि युवतीहरू बुकीबाट टिपेर लिएको केही फूललाई माला बनाएर पुरुषको समूहलाई लगाइदिन्छन् । गाउँको नजिक आउँदा फूल माग्नेहरूको लस्कर हुन्छ । उनीहरु रक्सी र रोटी लिएर भोकाएर आएका फूल टिप्न जाने समूहलाई स्वागत गर्छन् । बुकीबाट फूल टिपेर आउने समूहले फूल माग्नेलाई फूल दिएर सम्मान गर्छन् भने फूल शिरमा समेत लगाइलिन्छन् । थर्कीमा पुगेपछि सबैलाई शिरमा फूल लगाएर सम्मान गर्छन् । केही चाला नाचे पश्चात फेरि गाउँ घुमेर नाची थर्कीमा आएर त्यस दिन अन्त्य गर्छन् ।


असारको १ गते भूमे नाच्ने समूह थर्कीमा आएर नाच्दै गर्दा गाउँ नजिकको थानमा पूजा सुरु हुन्छ र सबै भूमे नाच्ने समूह नाच बन्द गरेर पूजा गर्ने ठाउँमा जान्छन् । जब सिर्पाली बिकले साँधे मन्छाउँछ मान्दा बित्तिकै पाती र फूलले हान्छन् । साँधे गाउँको बाटो हुँदै लैजाने क्रममा गाउँका धुइसो, कुलपूजा बेला ढोकामा लगाएको टीका, आफ्नो पितृलाई चढाएको मकै, नाङ्लोभरि बनाएर तयारी अवस्थामा बसेका गृहिणीहरूले बलि दिन लागेको साँधेलाई हान्छन् । जसको अर्थ घरको कालकष्ट रुघामुघा सन्चो होस् भन्ने हो । यसरी बलि दिने ठाउँमा लखेट्दै पुगाउँछन् र बलि दिन्छन् ।



भूमि देवतालाई कुनै गाउँमा बोका, कुनै गाउँमा सुंगुर, कुनै गाउँमा भाले बलि दिन्छन् । कुनै गाउँमा जेठ मसान्त र कुनै गाउँमा असार १ गते बलि दिने चलन छ । यसरी लगातार एक हप्तासम्म भूमे नाच नाचिन्छ र जेठ १ गतेदेखि सुरु भइ असार १ गतेसम्म नाचेर करिब १ महिनाको अवधीसम्म जारी रहेर भूमे नाचको विधिसम्मत अन्त्य गरिन्छ ।

# कम्युनिष्ट आन्दोलन बुझाउने पुस्तक

पुस्तक-समीक्षा



■ रसुवाली कवि


एकजना धार्मिक गुरूले सोधे, "नेपालमा कतिवटा कम्युनिष्ट पार्टी छन् ?" उनलाई मैले अलि कडै जवाफ दिन खोजेको थिए तर, सहज रूपमा उत्तर दिए सयभन्दा बढी । संघीयता विरोधी ती धार्मिक गुरूले "राष्ट्रिय जनमोर्चालाई पनि गन्नुभयो नि ?" भन्दै प्रतिप्रश्न गरे । उनको प्रतिप्रश्न प्रति उत्तर दिन मन लागेन ।

यस्तै एउटा रोचक प्रसङ्ग थियो बागबजारको । बागबजार कसैले पाँच वटा मट्याङ्गा फ्याँक्यो भने तीन वटा कम्युनिष्ट पार्टीको केन्द्रिय नेतालाई लाग्छ रे ! यो जोक्स हो । यो जोक्स कवि/लेखकको सन्दर्भमा बनेको थियो । गजलकारको विषयमा बनिरहेको छ । मैले यहाँ जोड्न खोजेको कुरा अलि फरक छ । 'मानिसको अन्तर्राष्ट्रिय जाति हुनेछ' भन्दै गीत गाउँदै हिड्ने कम्युनिष्ट पार्टीहरूमा किन यति धेरै विचार समूह बने ? किन बामहरू एक ठाउँ हुन सकेनन् ? कसरी कम्युनिष्ट पार्टी नेताहरू चुनावको चास्नीमा जाकिन्छन् ? कसरी संगठन फस्छ आर्थिकवादीहरूको चुकुलमा ? प्रश्न गर्न सिकाउने मार्क्सका चेलाहरूलाई प्रश्न जरुर छ ।

यही सन्दर्भमा मार्क्सवादी कित्ताका प्रतिबद्ध लेखक/समालोचक खेम थपलियाले कम्युनिष्ट पार्टीहरूका संगठनहरूमा बहु आयामलाई समेटेर एउटा पुस्तक लेखेका छन् । पुस्तकको शीर्षक हो- कम्युनिष्ट पार्टी संगठन अवधारणा, अभ्यास र आवश्यकता । कम्युनिष्ट पार्टीको संगठन पद्धतिलाई जोडेर नेपाली लेखकले लेखेको आकार पनि ठूलो यो एउटा महत्वपूर्ण पुस्तक हो । लेखक थपलियाले संगठन थुप्रै सैद्धान्तिक र दार्शनिक पक्षहरूलाई समेट्ने प्रयास गरेका छन् ।

एकताका नेपाली कम्युनिष्ट आन्दोलनमा चीनतिरको कि रूसतिरको भन्ने बहस थियो । यो बहसले यति अल्झायो कि कमरेडहरूमा पानी बाराबारको स्थिति सिर्जना भयो । तर, दुबै देशका अनुभवहरूबाट सिक्न सक्ने आधारहरू थिए र छन् । र, त थपलियाले भिआइ लेनिन र माओलाई बरोबर जोडेका छन् । जसरी लेनिनले व्यक्ति संगठनको अधिनस्थ हुन्छ भने माओले जनताको एउटा सियो र एक टुक्रा धागो समेत सित्तैमा नलेउ भने । यी दुबै सिद्धान्त र अनुभवहरूबाट सिक्नुपर्ने आवश्यकता छ ।

> कम्युनिष्ट आन्दोलनमा रुची हुनेहरुका लागि मात्र होइन संगठनको महत्व बुझ्ने जो कोहीलाई यो पुस्तक महत्वपूर्ण हुनसक्छ । जो मालेमावादी विश्दृष्टिकोण मान्छन्, जसले क्रान्तिलाई रुचाउँछन्, उनीहरुका लागि खेम थपलियाको पुस्तक ' कम्युनिष्ट पार्टी संगठन अवधारणा, अभ्यास र आवश्यकता' महत्वपूर्ण सामग्री बनेको छ ।




आफ्नो पुस्तकमा खेप थपलिया लेख्छन्, "स्कुलिङ विश्व दृष्टिकोणको समस्या समाधान गर्ने महत्वपूर्ण विधि हो । स्कुलिङले वैचारिक ट्याङ्क दिने हो, हिँड्ने स्वयम् व्यक्तिले हो । (पेज १००) नेपाली कम्युनिष्ट आन्दोलनमा स्कुलिङको निकै महत्वपूर्ण भूमिका छ । माओवादी आन्दोलनबाट आएका मान्छेहरूका बुझाई र मसाल पृष्ठभूमिबाट आएका व्यक्तिहरूको बुझाई केही फरक अवश्य हुन्छ । यसमा पार्टीको स्कुलको महत्वपूर्ण भूमिका रहेको छ ।

वास्तवमा कम्युनिष्टहरूको आधारभूत बुझाईमा भने समस्या रहनु हुँदैन । नत्र अन्धविश्वासले सामाजिक चेतनालाई अबरुद्ध बनाउँछ भनेर स्कुलिङ दिएर घर फर्केको कमरेड टाउको दुख्दा भूत लाग्यो भनेर झाँक्रीमा पुगे भने उनको विश्व दृष्टिकोणलाई के भन्ने ? प्रश्न गर्न सिकाउने मार्क्सका चेलाहरूलाई प्रश्न अवश्य हुन्छ ।

यसै सन्दर्भमा थपलिया हो चि मिन्हको उदाहरण दिँदै लेख्छन्, "होची मिन्हका अनुसार तीन किसिमका शत्रु हुन्छन् - पुँजीवाद र साम्राज्यवाद असाध्यै खतरानाक शत्रु हुन् । पिछडिएका बानी र परम्परा पनि ठूला शत्रु हुन् । तिनीहरूले क्रान्तिको प्रगतिमा कपटी ढंगले बाधा दिन्छन् । यद्यपि, हामीले तिनीहरूलाई दबाउन सक्दैनौं तर, होसियारी तथा लगनका साथ र लामो अवधिमा तिनीहरूलाई सच्याउन खोज्नुपर्छ ।" (पेज १०२)

होची मिन्हले व्यक्तिवादलाई पनि मुख्य शत्रुको रूपमा बुझेका छन् । भियतनामलाई मुक्त गर्ने सबै प्रिय कमरेड होची मिन्हको माथि भनाइले साँच्चै कम्युनिष्ट कार्यकर्ताको मन चसक्क पार्छ । हाम्रा उद्देश्यहरू के हुन् र ती उद्देश्यहरूलाई गति दिन कस्तो संगठन चाहिन्छ ? कस्तो पार्टी चाहिन्छ हामीले होची मिन्हबाट सिक्न सक्छौं । अरू थुप्रै आदर्श आन्दोलनहरूबाट सिक्न सक्छौं । लेखकले अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको उदाहरण भरपूर दिएका छन् संगठनको सन्दर्भमा । जसको कारण पुस्तक पठनीय हुन पुगेको छ ।

माओले "जनता नमार, उनीहरूलाई गाली नगर", भनेका थिए । यो भनाई भित्र कति ठूलो रहस्य लुकेको छ । तपाईं हामीले सहजै बुझ्न सक्छौ ।

मार्क्सवादको औचित्य सकियो भनेर जसरी हौवा पिटिया , उसैगरी कम्युनिष्ट पार्टीहरूले सचेततापूर्वक लाग्ने प्रसार गरे । नेपालको माओवादी आन्दोलनले त्यस्तै एउटा गम्भीर धक्कामय ऐतिहासिक आन्दोलन थियो । माओवादीभित्रको संगठन पद्धतिलाई पनि लेखकले थोर बहुत लेखेका छन् ।

लेखकले ठाउँ-ठाउँमा मार्क्सलाई पनि जोडेका छन् । मार्क्सको भनाइ छ, "मजदुर वर्गको मुक्ति स्वयम् मजदुर वर्गद्वारा गरिनु पर्छ ।" विश्वभरका मजदुरका लागि उज्यालो दिने कमरेड मार्क्सले आम उत्पीडित जनले अग्रदस्तामा रहेर विद्रोहको नेतृत्व गर्नुपर्छ भनेका हुन् । यसैले हामी सर्वहारा वर्गको अधिनायकवादको कुरा गर्छौं । मजदुर वर्गको हित हुने पार्टीको कुरा गर्छौं । हामी तमाम उत्पीडितहरूको पार्टी बनाउने कुरा गर्छौं । श्रमजीवी जनताको पार्टी कस्तो हुनुपर्छ, उसको संगठन पद्धति कस्तो हुनुपर्छ ? पुस्तकले विविध आयामलाई समेट्ने जमर्को गरेको छ ।

कम्युनिष्ट आन्दोलनमा रुचि हुनेहरूका लागि मात्र होइन संगठनको महत्व बुझ्ने जो कोहीलाई यो पुस्तक महत्वपूर्ण हुनसक्छ । जग्गा बजारको कमिसन खोजिरहेका र सेयर बजारमा भविष्य खोजिरहेका मानिसहरूले भने योभन्दा अलि फरक खाले किताब पढ्नुपर्ने हुन्छ । झन् चुनाव उपयोग गरिरहेका पार्टीहरूले यस पुस्तकबाट कुनै मसाला फेला पार्छन् जस्तो लाग्दैन । यो पुस्तक पप संगीतका पारखीहरूलाई काम नलाग्न सक्छ । जो मालेमावादी विश्दृष्टिकोण मान्छन्, जसले क्रान्तिलाई रुचाउँछन्, उनीहरूलाई यो पुस्तकका महत्वपूर्ण सामग्री बनेको छ ।

*पुस्तक - कम्युनिष्ट पार्टी संगठन, अवधारणा, अभ्यास र आवश्यकता*
*लेखक - खेम थपलिया*
*बिधा - सैद्धान्तिक लेख*
*प्रकाशक - स्वाभिमान प्रकाशन गृह प्रालि*

## कविता : सपना



राजनारायण राई

कति दिन रातहरूले
मेरो नयन भरि सुन्दर
सपनाहरू जन्माइ दिन्थ्यो
हरेक पल्ट चुक्दै भए पनि
म सपनासँगै उडीरहन्थे ।
मन प्रफुल्लित भई एकान्तमा
थुप्रै इच्छा-आकांक्षाहरू बटुलेर
आफ्नै दुःख-पीडा सबै सबै बिर्सी
डोको जस्तै चुहुने
मनको डोकोमा सपनाहरू बुन्दै
आँखा चिम्म गरी रमाउँथे ।
कहिले
चिसो रातको वास्ता नगरी
मनको पखेटाले आकाशमा उडि
जुन र ताराहरू छुन्थे
छोएर फेरी धरती तिरै चिहाउँदा
आफ्नै घर भग्न देखि
खुब रुन्थे ... खुब रुन्थे ।
अनि
पसिनाले सिँचेका भाग्यको बारीमा
सपनाको खेती लहलह
हुर्कँदै गरेका ती
मेरो सुन्दर फुलहरूलाई
निर्मोही बैशाखे हुरीले
सोहरेर नलैजाओस् भगवान भनी ढोग्थे ।
कतिबेला
रातहरूको निमन्त्रणमा
आगमन भएका मेरा सपना
पाहुना जस्तै रातको बास बसी
क्षणिक आनन्दमय जीवनको
पाठ दिँदै भुकभुके बिहानै
चिसो भुईंमा आफूलाई छोडी जान्थ्यो ।
कहिले त
सपनाहरू पनि भयपूर्ण
रातलाई नै ऐठन बनाई राख्थ्यो
अनि
मेरो दुई नयनको
मिठो मिठो सपनाहरूलाई
महानिन्द्रा छरपष्ट पारी
मलाई चिसो भुइँको ओछ्यानमै
अलमललाई राख्थ्यो
तब बिपनाले पनि
सधैँ जस्तो गरी
मलाई बेस्मारी बेस्मारी
गिजाइरहन्थ्यो गिजाइरहन्थ्यो ॥

## तीन मुक्तक



जमुना कायस्थ

१
जीवनमा सद्गुण आकलन गरेको छु
सबै सिद्ध मार्ग मैले पालन गरेको छु
धार्मिक न्यायपूर्ण आचरण सिमा भित्र
मैले सकेको सुसमाचार पन छरेको छु ॥

२
विधिको विधान नम्रतामा छानेको छु
कर्मठ योद्धा तयार हुन नि जानेको छु
अहंकारी ले थिचोमिचो गर्न नपाउन
निधीको दायरा सिद्धान्त मानेको छु ॥

३
मेरा आँखा चहकिला नगर्न सक्छ
प्रभुमा समर्पित भएर ठहर्न सक्छ
धार्मिक प्रतिज्ञा को प्रतीक्षा गर्दा गर्दै
मेरा भाषा गहकिला भै सर्न सक्छ ॥

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | मनोबल उच्च रहनेछ । विद्यार्थीहरूको लागि समय शुभ छ । |
| वृष | : | शत्रु परास्त हुनेछन् । अनावश्यक खर्च हुनसक्छ । |
| मिथुन | : | वाणी संयम राख्नुहोला । यात्राको योग छ । |
| कर्कट | : | नयाँ सम्पर्क हुनेछ । पराक्रममा वृद्धिको योग छ । |
| सिंह | : | श्रीमतिको राम्रो सहयोग प्राप्त हुनेछ । दैनिक आयमा वृद्धि हुनेछ । |
| कन्या | : | पारिवारिक भेटघाट हुनेछ । विदेश यात्राको योग छ । |
| तुला | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरूमा विस्तारै प्रगति हुनेछ । |
| वृश्चिक | : | आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । धैयर्तामा बृद्धि हुनेछ । |
| धनु | : | विद्यार्थीहरूको लागि समय अनुकुल छ । बढी व्यस्तता रहने योग छ । |
| मकर | : | आध्यात्मिक यात्रा हुने योग छ । नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ । |
| कुम्भ | : | हतारमा कुनै निर्णय नलिनु होला । प्रभावमा वृद्धि हुनेछ । |
| मीन | : | व्यापारिक कार्यमा वृद्धि हुनेछ । आहारमा ध्यान दिनुहोला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# एक वर्षभित्र देशलाई पूर्ण विद्युतीकरण घोषणा गरिने




**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, ३२ जेठ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आगामी एक बर्षभित्र देशलाई पुर्ण विद्युतीकरणको घोषणा गर्ने तयारी रहेको बताएका छन् । शुक्रबार मकवानपुरको हेटौँडा उपमहानगरपालिका वडा नं. ११ थानाभन्याङमा निर्मित ४०० के.भी. विद्युत प्रसारण लाइन अन्तरगतको सबस्टेसनलाई उद्घाटन गर्दै प्रधानमन्त्री प्रचण्डले वैकल्पिक उर्जासहित ९९ प्रतिशत नेपाली जनतामा विद्युतको पहुँच पुगेकोले अबको एक बर्षभित्र नेपाललाई पूर्ण विद्युतीकरणको तयारीमा सरकार रहेको बताए ।

प्रधानमन्त्री प्रचण्डले विद्युतको पहुँच मात्र नभई आन्तरिक रुपमा विद्युतको खपत बढाउन भरपर्दो र सुरक्षित सेवा प्रवाह गर्न उच्च प्राथमिकताका साथ काम गर्न विद्युत प्राधिकरण र उर्जा मन्त्रालयलाई निर्देशन दिए । विद्युत व्यापारको योजना अनुसार भारत, चीन र बंगलादेशसम्म पुऱ्याउने आधार तयार रहेको र ४० मेगावाट विद्युत भारत हुँदै बंगलादेशतर्फ निर्यात हुने बताए । हेटौंडा सबस्टेसनलाई ढल्केवर सबस्टेसनसम्म जोड्ने ४०० के.भी. लाइन प्रसारणमा अवरोध रहेकाले बाधक नबन्न स्थानीयलाई प्रधानमन्त्रीले अनुरोध गरेका छन् ।

सरकार प्रसारण लाइन र वितरण लाइनतर्फ मात्र होइन उत्पादन तर्फ देशको विकासलाई नै रुपान्तरण गर्न सक्ने १०६१ मेघावाटको अपर अरुण र ६३५ मेघावाटको दूधकोसी जलविद्युत आयोजनामा लगानी छुट्याएर कार्यन्वयनमा जान अगाडि बढिसकेको छ । १२०० मेघावाटको बुढीगण्डकी जलासय युक्त जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन गरी निर्माण अगाडि बढेको उल्लेख गर्दै यी आयोजनाहरु नेपालको समृद्धि यात्रामा रणनीतिक महत्वका आयोजना भएको प्रधानमन्त्रीले बताए ।

हेटौँडामा ग्यास इन्सुलेटेड प्रणाली (जीआईएस) प्रविधिमा आधारित स्वचालित नेपालको तेस्रो ठूलो ४०० के.भी. सवस्टेशन निर्माण सम्पन्न गरी शुक्रबारदेखि सञ्चालनमा आइसकेको छ। यसैगरी नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट थानाभन्याङमा नै २२० र १३२/११ केभी क्षमताका सवस्टेशन निर्माण सम्पन्न गरी गएको शुक्रवारदेखि नै चार्ज गरिएका छन् । जीआईएस प्रविधियुक्त स्वचालित ढल्केबर देशकै पहिलो, इनरुवा दोस्रो र हेटौँडा तेस्रो ठूलो सवस्टेशन हो ।

हेटौँडा सवस्टेशनको निर्माण सम्पन्न भएसँगै झन्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने पूर्वाधार संरचना तयार भएको छ। हेटौँडा-ढल्केबर-इनरुवा ४०० के.भी. प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबरबाट पूर्व-पश्चिम चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिक रुपमा बिजुली आपूर्ति थप सुदृढ हुने र भारतसँगको बिजुली व्यापार थप विस्तार हुनेछ ।

राष्ट्रिय विद्युत विकास दशक कार्यक्रमअन्तर्गत सरकार र प्राधिकरणको संयुक्त लगानीमा हेटौँडा-ढल्केबर-इनरुवा ४०० केभी सवस्टेशन विस्तार आयोजना शुरु गरिएको थियो । यो आयोजनाअन्तर्गतका तीन वटै सबस्टेशन निर्माण सम्पन्न भएका छन् ।

सरकार तथा प्राधिकरणको लगानी र विश्वबैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट निर्माण गरिएको २२०/१३२/११ केभी हेटौंडा सबस्टेसन निर्माणका लागि २०१८ डिसेम्बरमा ठेक्का सम्झौता भएको थियो । ४००, २२० र १३२ केभी हेटौँडा सबस्टेसनको अनुमानित लागत तीन अर्ब रहेको थियो। आयोजनाको प्राविधिक कार्य नेपाली ईञ्जिनियरहरुबाट भएको थियो ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको अध्यक्षतामा हेटौँडामा भएको सबस्टेसन उद्घाटन समारोहमा प्रधानमन्त्री प्रचण्डको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा उर्जा तथा जलस्रोत मन्त्री शक्तिबहादुर बस्नेत, बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, प्रतिनिधिसभा सदस्य महेश बर्तौला, दीपकबहादुर सिंह, बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्री कुमारी मोक्तान, प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, ईन्द्रबहादुर बानियाँ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानलगायतको आतिथ्यता रहेको थियो ।

# ग्लोबल आइएमईका ग्राहकलाई होटल आइकावामा छुट




**काठमाडौं/मस** – ग्लोबल आइएमई बैंकका ग्राहकहरुले होटल आइकावा इनमा छुट मूल्यमा सेवा प्राप्त गर्ने भएका छन् । बैंक र होटलबीच बैंकको कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ताहरुलाई होटल आइकावा इनका विभिन्न सेवामा विशेष छुट प्रदान गर्नेसम्बन्धी समझदारी भएसँगै सो छुट प्राप्त गर्ने भएका हुन् ।

उक्त समझदारी पत्रमा बैंकका बागमती प्रादेशिक कार्यालय प्रमुख रुपेन्द्र वाग्ले र होटल आइकावा इनका अध्यक्ष घनश्याम शर्मा अर्यालले हस्ताक्षर गरेका छन्। समझदारी अनुसार बैंकको डेबिट, क्रेडिट कार्डबाहक तथा बैंकको मोबाइल बैंकिङ 'ग्लोबल स्मार्ट प्लस' प्रयोगकर्ताहरुले होटल आइकावा इनले उपलब्ध गराउने सेवा तथा सुविधाहरुमा १० देखि १५ प्रतिशतसम्म छुट प्राप्त गर्नेछन् ।

# बझाङको चैनपुरमा प्रभुको नयाँ शाखा सञ्चालन



**काठमाडौं/मस** – प्रभु बैंकले बाझाङको जयपृथ्वी नगरपालिका-१० चैनपुरमा ३०४औं शाखा विस्तार गरेको छ। बैंकले आफ्नो व्यावसायिक सञ्जाल विस्तार गर्दै विभिन्न ठाउँहरुमा आफ्नो शाखा कार्यालय सञ्चालनमा ल्याएर सर्वसाधारणको घर आँगनसम्म सरल र सहज रुपमा सेवा विस्तार गर्ने उद्देश्यले शाखा विस्तार गरेको हो ।

सो अभियानले देश भरी नै बैंकिङ पहुँचमा वृद्धि भएको मात्र नभई समग्र देशको आर्थिक विकासमा सकारात्मक टेवा पुगेको बैंकले दाबी गरेको छ । बैंकको चैनपुर शाखामार्फत् स्थानीय बासिन्दा, सर्वसाधारणहरु, व्यावसायिक फर्म, कम्पनी तथा संघ संस्थाहरुले गुणस्तरीय सेवा उपभोग गरी लाभान्वित हुने र सो क्षेत्रको समग्र आर्थिक उन्नतीमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने बैंकले विश्वास लिएको छ ।

# मेड इन नेपाल हुन्डाई भेन्युको बिक्री शुरु




**काठमाडौं/मस** – नेपालका लागि हुन्डाई मोटर कम्पनीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले आफ्नो भगिनी संस्था लक्ष्मी मोटर कर्पोरेसनबाट नेपालमा नै हुन्डाई भेन्युको व्यावसायिक उत्पादन गरी बिक्री वितरण शुरु गरेको छ । लक्ष्मी मोटर कर्पोरेसन, नेपालमा लक्ष्मी ग्रुपको लगानी तथा हुन्डाई मोटर कम्पनीसँगको प्राविधिक सहकार्यमा स्थापना भएको हो ।

लक्ष्मी मोटर कर्पोरेसनले पहिलो पटक नेपालमा हुन्डाई भेन्यु मोडल उत्पादन गर्ने र यसको बनावट, गुणस्तर, पर्फमेन्स लगायतका गुणहरु हुन्डाई मोटर कम्पनी कोरिया वा भारतमा बन्ने सोही मोडलका गाडिहरु सरह कै हुने कम्पनीले दाबी गरेको छ । स्वदेशमा नै उत्पादन गरी देशको औद्योगिकरण, आयात प्रतिस्थापन, रोजगारी सृजना, आन्तरिक राजस्वमा वृद्धि, शीप तथा प्रविधि विकास, सहायक उद्योगको स्थापना, आन्तरिक श्रोत तथा विद्युतको खपत, कुल गार्हस्थ्य उत्पादनमा योगदानका साथ साथै उपभोक्तालाई सहुलियत मूल्यमा सवारी साधन उपलब्ध गराउने उद्देश्य रहेको कम्पनीले जनाएको छ ।

प्रथम चरणमा हुन्डाई भेन्युका दुई भेरिएन्ट उत्पादन गर्ने र क्रमश: केही समय भित्र नै थप अरु भेरिएन्टहरुको उत्पादन बढाउँदै जाने कम्पनीको योजना छ। यसै आर्थिक वर्षभित्र हुन्डाई ग्राण्ड १० एनआईओएसका साथै न्यु हुन्डाई क्रेटाको उत्पादन पनि शुरु गर्ने कम्पनीले जनाएको छ।

# बजेटमा इप्पानको धारणा– 'उर्जा क्षेत्रमा विकासको मार्गचित्र बजेटमा छैन'




**काठमाडौं/मस** – स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)ले जलविद्युत आयोजनाको अनुमति दिँदा कायम सेवा र सर्तहरु अनुमतिपत्रको अवधिभर कायम हुनुपर्ने आवाज उठाएको छ। जेठ १५ गते संसदमा प्रस्तुत बजेटवारे आधिकारिक धारणा सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा इप्पानले विद्युत ऐन, २०४९ ले दिएका सुविधाहरु कटाउने गरी आव २०८०/८१ मा गरिएको परिवर्तनलाई आगामी आवको बजेटमा पनि निरन्तरता दिइएको भन्दै यसलाई स्वीकार नगर्ने बताएको छ ।

इप्पानका अध्यक्ष गणेश कार्कीले विगत एक वर्षदेखि इप्पानले हरेक मञ्चमा र सबैभन्दा धेरै उठाउँदै आएको बाढी प्रभावित आयोजनाहरुलाई मात्रै भएपनि राहतस्वरुप एक प्रतिशत भन्सारमा सामग्री आयात गर्न देउ भन्ने मागसमेत सरकारले नसुनेको बताए । एक प्रतिशत भन्सारमा सामग्री आयात गर्दै आएका आयोजनाहरुलाई एकै पटक २८ प्रतिशत पुऱ्याउँदा बाढी पहिरोले क्षतिग्रस्त जलविद्युत आयोजनाहरुले स्पेयर्स पार्ट्स ल्याउन नसकी आयोजनाको काम बन्द भएको कार्कीको भनाइ छ ।

विद्युत ऐन २०४९ अनुसार आयोजनाको अनुमतिपत्र लिएका विद्युत आयोजनाहरुले सोही अनुसार स्पेयर्स पार्ट्समा १ प्रतिशत मात्र भन्सार लाग्ने व्यवस्था हुनुपर्ने उनको भनाइ थियो । त्यस्तै, इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले बाढी प्रभावित जलविद्युत आयोजनाले सरकारसँग कुनै अतिरिक्त सुविधा नमागेको बताए। विद्युत ऐन, २०४९ अनुसार निश्चित वर्षका लागि एउटा सर्तमा अनुमतिपत्र दिएर आयोजना सञ्चालनमा आउँदा नआउँदै सबै सुविधा कटौती हुन्छन् भने कोही पनि लगानीकर्ताले नेपालको ऊर्जा क्षेत्रमा लगानी नै नगर्ने उनको भनाइ छ । 'खेलाडीलाई एउटा नियम देखाएर मैदानमा प्रवेश गराउने र १० मिनेट खेलीसकेपछि अर्कै नियम अनुसार खेल्नुपर्छ भन्न पाइन्छ र ?', डाँगीले प्रश्न गर्दै भने, 'सरकारसँग कुनै सहानुभुती नमागेर अनुमतिपत्रमा दिएका सुविधाहरु उपभोग गर्न पाउने अधिकार प्रवर्द्धकहरुले मागेका छन् ।'

इप्पानका पूर्व अध्यक्ष कृष्णप्रसाद आचार्यले निजी क्षेत्रले विद्युत व्यापारका लागि जोडदार माग राख्दै आएकोमा विद्युत व्यापारबारे बजेटमा कुनै उल्लेख नगरिएको बताए। ऊर्जा आयोजना निर्माणमा प्रक्रियागत झन्झट रहेको विषयमा सरकार जानकार हुँदाहुँदै पनि यसलाई सरलीकरण गर्ने विषयमा आँखा चिम्लिएको आचार्यले बताएका छन् ।

# समृद्धि फाइनान्सको नयाँ ब्याजदर सार्वजनिक

**काठमाडौं/मस** – समृद्धि फाइनान्सले असार १ गते देखि लागू हुनेगरी नयाँ ब्याजदर सार्वजनिक गरेको छ । फाइनान्सले असार महिनाका निक्षेपतर्फका विभिन्न खातामा लागू हुनेगरी नयाँ ब्याजदर सार्वजनिक गरेको हो ।

फाइनान्सले असार महिनाका लागि निक्षेपमा ५.२५ देखि ६.२५, रेमिट्यान्स बचत खातामा ७.२५ प्रतिशत, व्यक्तिगत मुद्दती निक्षेपतर्फ अधिकतम ८.२५ प्रतिशत र संस्थागततर्फ ७.२५ प्रतिशत ब्याजदर तोकेको छ । व्यक्तिगततर्फ ३ देखि ६ महिना अवधिका लागि ७.२५ प्रतिशत, ६ महिना देखि ९ महिना अवधिका लागि ७.५० प्रतिशत,९ महिना देखि १ वर्ष अवधिका लागि ७.७५ प्रतिशत, १ वर्ष देखि २ वर्ष अवधिका लागि ८ प्रतिशत र २ वर्ष देखि माथिका लागि ८.२५ प्रतिशत ब्याजदर निर्धारण गरेको छ ।

त्यस्तै संस्थागततर्फ ६ महिना देखि ९ महिना अवधिका लागि ६.५० प्रतिशत, ९ महिना देखि १ वर्ष अवधिका लागि ६.७५ प्रतिशत १ वर्ष देखि २ वर्ष अवधिका लागि ७ प्रतिशत, र २ वर्ष देखि माथिको अवधिका लागि ७.२५ प्रतिशत ब्याजदर तोकेको फाइनान्सले जनाएको छ ।

# नेपाल टेलिकम र मौसम विज्ञान विभागबीच सम्झौता



**काठमाडौं/मस** – जल तथा मौसमजन्य विपद जोखिमसम्बन्धी पूर्वसूचना प्रवाह गर्ने सम्बन्धमा नेपाल टेलिकम र जल तथा मौसम विज्ञान विभागबीच सम्झौता भएको छ । नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा शुक्रबार भएको सम्झौतापत्रमा नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र जल तथा मौसम विज्ञान विभागका तर्फबाट महानिर्देशक डा. जगदीश्वर कर्माचार्यले हस्ताक्षर गरे । सम्झौताअनुसार जल तथा मौसम विज्ञान विभागले विपद्सम्बन्धी पूर्वसूचना मोबाइल एसएमएसमार्फत् प्रवाह गर्न नेपाल टेलिकमलाई आवश्यक जानकारी उपलब्ध गराउने छ ।

बाढी वा विषम मौसमजन्य विपद जोखिमको पूर्वसूचना तथा तत्सम्बन्धी जानकारी अनुमानित क्षेत्रमा प्रकोप आउनु अगावै सर्टकोड ११५५ मार्फत् ती क्षेत्रका मोबाइल फोनवाहकले प्राप्त गर्न सक्ने छन्। सम्झौताअनुसार वर्षा, हावाहुरी, चट्याङ, हिमपहिरो, हिमपात-हिमआँधी, तातो हावाको लहर (लू), शीतलहर, वायु प्रदूषण, घुम्रपान, बाढी, आकस्मिक बाढी, पहिरो, हिमताल विस्फोटन, डढेलो जस्ता विपद्हरुको पूर्वसूचना उपलब्ध गराइने छ । यसका लागि नेपाल टेलिकमले जल तथा मौसम विज्ञान विभागलाई 'सेन्ट्रल सर्भर'मा प्रयोग गर्न पहिलेदेखि छ सय सिम उपलब्ध गराइरहेकामा अब थप एक सय सिम गरी सात सय थान सिम उपलब्ध गराएको छ ।

सिममा प्रतिमहिना तीन सय एमबी डाटा निःशुल्क उपलब्ध छ। नेपाल टेलिकमले वि.सं.२०७३ सालदेखि यस प्रकारको सूचना प्रवाहका लागि आवश्यक सहयोग गरिरहेको छ । विभागले सम्प्रेषण गर्ने पूर्वसूचना सन्देशहरु वि.सं.२०७३ सालदेखि अनवरतरुपमा निःशुल्क 'मास एसएमएस सेवा'मार्फत सर्वसाधारणमा पुर्याई विपद जोखिम न्यूनीकरणका लागि अतुलनीय योगदान पुर्याएकामा नेपाल टेलिकमको भूमिकाको उच्च कदर गर्दै कदरपत्रद्वारा सम्मानित गर्दै आएको छ ।

"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

**दमक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दमक, झापा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत हुने आशयको सूचना**

**प्रकाशित मितिः २०८१/03/01**

दमक नगरपालिकाबाट प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरुका सम्बन्धमा दमक नगरपालिकाको निर्णयानुसार देहायको बोलपत्र न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम भ्याट सहित रु | कै |
|---|---|---|---|---|---|
| १ | DMO/JHAPA/Road/52/080-81 | Graveling and Maintenance of Various Road, Damak 2 | Swyambhu Nirman | 1129649.45 | |

**प्रमुख प्रशासकीय अधिकृत**

**(वातावरण संरक्षण ऐन, २०७६ दफा ३ को उपदफा (५) सँग सम्बन्धित)**

**प्रारम्भिक वातावरणीय परीक्षण तयारी सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना**

बागमती प्रदेश, हेटौडा उप-महानगरपालिका- १७, मकवानपुरमा, बागमती प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, हेटौडाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

**प्रस्तावको नामः** बागमती प्रदेश प्रहरी अस्पताल निर्माणको लागि प्रारम्भिक वातावरणीय परीक्षण

माथि उल्लेखित प्रस्तावको वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ सँग सम्बन्धित रहेर यस बागमती प्रदेश प्रहरी अस्पताल निर्माणको लागि वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न त्यस क्षेत्रका स्थानीय तहका प्रतिनिधि, स्थानीय वासी, सामुदायिक वन उपभोक्ता समूहको प्रतिनिधी, तथा अन्य सरोकारवाला व्यक्ति तथा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले निम्न उल्लेखित मिति तथा स्थानमा तोकिएको समयमा उपस्थित भइदिन हुन विनम्र अनुरोध गर्दछौं ।

| | | |
|---|---|---|
| **स्थानः** हटिया शहरी स्वास्थ्य केन्द्र, हेटौडा-१७ | **मितिः** २०८१/०३/०४ | **समयः** अपरान्ह ४ बजे |

# अफगानिस्तान सुपर–८ मा न्युजिल्याण्ड समूह चरणबाटै बाहिरियो




**काठमाडौं/मस–** अफगानिस्तानले पपुवा न्युगिनीलाई पराजित गर्दै आईसीसी टी–२० विश्वकपको सुपर आठमा प्रवेश गरेको छ। उक्त खेलमा अफगानिस्तानले पपुवा न्युगिनीलाई सात विकेटले पराजित गर्दै विश्वकपको सुपर आठमा पुगेको हो।

पपुवा न्युगिनीले दिएको ९६ रनको सामान्य लक्ष्य पछ्याएको अफगानिस्तानले १५ दशमलव एक ओभरमा तीन विकेट गुमाएर लक्ष्य पूरा गर्‍यो। अफगानिस्तानको जितमा गुलबदिन नइबले अविजित ३६ बलमा चार चौका र दुई छक्काको सहयोगमा सर्वाधिक ४९ रनको योगदान दिए।

यसैगरी, मोहम्मद नाबीले २३ बलमा एक चौकासहित अविजित १६ रन जोडे। त्यसैगरी अजमतुल्लाले १३ तथा रहमानदुल्लाह गुरबाजले ११ रन जोडे। पपुवा न्युगिनीका लागि अलिइ नाओ, सेमो कमेइ र नोर्मान भानाउले समान एक-एक विकेट लिए।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको पपुवा न्युगिनीलाई १९ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ९५ रनमा समेटिएको थियो। पपुवा न्युगिनीका लागि किप्लिन डोरिगाले सर्वाधिक २७ रनको योगदान दिए। एली नाओले १३ तथा टोनी उराले ११ रन बनाए।

अफगानिस्तानका लागि फजलहक फारुकीले तीन विकेट लिँदा नवीन उलहकले दुई तथा नुर अहमदले एक विकेट लिएका थिए। अफगानिस्तानले सुपर आठमा स्थान बनाएसँगै न्युजिल्याण्ड भने समूह चरणबाटै बाहिरिएको छ।

# बन्द प्रशिक्षणमा २५ खेलाडी



**काठमाडौं/मस–** लेबनानमा आयोजना हुने फोर नेसन्स कपका लागि नेपाली महिला राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षणमा २५ खेलाडी समेटिएका छन्। अखिल नेपाल फुटबल संघ (एन्फा)ले नेपाली महिला राष्ट्रिय फुटबल टोलीका लागि दोस्रो चरणमा २५ खेलाडी छनोट गरेको हो।

मुख्य प्रशिक्षक राजेन्द्र तामाङले प्रारम्भिक चरणमा रहेका ३० खेलाडीबाट ५ खेलाडी कटौती गर्दै दोस्रो चरणमा २५ खेलाडी छनोट गरेका हुन्। प्रशिक्षणबाट सुशीला कुमारी चौधरी, सबिना चौधरी, गंगा गुरुङ, ममता पुन, मनमाया दमाई र तुलसा बोहरा बाहिरिएका छन्।

लेबनानमा जेठ २४ देखि असार २ गतेसम्म फोर नेसन्स कप हुने बताइएको छ। तर प्रतियोगितामा सहभागी हुने अन्य टोलीको जानकारी प्राप्त नभएको एन्फाले बताएको छ। टोली अहिले सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा प्रशिक्षण गरिरहेका छन्। एन्फाले सहायक प्रशिक्षकमा भगवती थापा र गोलकिपिङ कोचमा विनोद महर्जनलाई नियुक्त गरेको छ। टिम व्यवस्थापकमा विन्द्रा देवान, टिम डक्टरमा डा. ज्योति राई र फिजियोमा नविना श्रेष्ठ वैद्य रहेका छन्।

बन्द प्रशिक्षणमा गोलकिपर अन्जिला तुम्बापो सुब्बा, अञ्जना राना मगर र उषा नाथ, डिफेन्डर अमृता जैसी, गीता राणा, हिरा कुमारी भुजेल, विमला विक, निशा ठोकर, पूजा राना, समीक्षा घिमिरे र प्रतीक्षा चौधरी, मिडफिल्डर रेणुका नगरकोटी, सरु लिम्बू, अनिता बस्नेत, सविता राना मगर, दीपा शाही, अनिता केसी, प्रीति राई, अमिषा कार्की, विमला चौधरी, सरस्वती हमाल तथा फरवार्ड. सावित्रा भण्डारी, रेखा पौडेल, रश्मिकुमारी घिसिङ र चन्द्र भण्डारी रहेका छन्।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/१७ मा दर्ता भएको **प्रा.लि. नं. २६६३२०** को **एब्सोल्युट प्रोमिथियन टेक्नोलोजीज प्रा.लि.** को मिति २०८१/०२/२९ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

## काठमाडौं जिल्ला वडा नं.–७ बहालमा बस्ने मिलन के.सी. को नाउँमा काठमाडौं महानगरपालिका ७ नं. वडा कार्यालयबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद सूचना

प्रकाशित मिति : २०८१/०३/०१

उपरोक्त सम्बन्धमा का.जि. काठमाडौं महानगरपालिका वडा नं ७ बस्ने सोना मचामसीले तपाईको विरुद्ध कोठा खोली पाउँ भन्ने सम्बन्धमा उजुरी निवेदन यस ७ नं. वडा कार्यालयमा मिति २०८१/०२/१४ गते दर्ता भई म्याद तामेल गर्न प्रक्रिया अघि बढाउँदा हालसम्म म्याद रितपूर्वक तामेल हुन नसकेकोले यो १५ दिने म्याद सूचना प्रकाशित गरिएको छ। अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस वडा कार्यालयमा उपस्थित भई वा कानून बमोजिम लिखित जवाफ पेश गरी निवेदकको माग बमोजिम कोठा खाली गर्नु नपर्ने कुनै कारण भए पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र लिखित जवाफ पेश नभएमा प्रचलित कानून बमोजिम भई जानेछ।

**ईति सम्वत् २०८१ साल जेठ महिना ३२ गते रोज ६ शुभम्।**

## सर्टिफिकेट हराएको सूचना

मिति २०८०/१२/२५ गते कोटेश्वरबाट रत्नपार्कसम्म जाँदा मेरो Technical School Living Certificate (TSLC) को Medical Laboratory Technology को सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभवले नजिकैको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः मन्दिरा खत्री**
**रजिष्ट्रेशन नं.:** LA-53340-75
**सिम्बोल नं.:** 57711
**सम्पर्क नं: ९८६१९०२२८३**

## मोटरसाईकल हरायो

मिति २०८१/०१/२० गते अं. १४:०० बजेको समयमा का.जि.रौतहट गौर न.पां-२, नेपाल लघुबित बितीय संस्था लि.को शाखा कार्यालय गौर अफिस अगाडी पार्किङ गरिराखेको अवस्थामा प्र.०२-०३-०२२ प ९४९५ नम्बरको 150 cc बजाज कम्पनीको पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न नम्बरमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

**सवारी धनी** : **हुलास फिन सर्भ लि.**
**ऋणी** : **गजेन्द्र कुमार साह**
**ईन्जिन नं.** : DKXRNK 67346
**च्यासिस नं.** : MD2A11CX2NPK 11676
**ठेगाना** : **ईशनाथ न.पा.–९, रौतहट**
**सम्पर्क नं.** : **९८४३५३९०६५**

## कम्पनीको नाम परिवर्तन भएको सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०३/०१

यस कम्पनीको मिति २०८०/०९/०४ मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविकको कम्पनी नेपाल आमा इन्भेष्टमेन्ट कम्पनी प्रा. लि. को नाम बाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **नेपाल आमा हायर पर्चेज प्रा.लि.** (प्रा.लि.नं.: ३२४३६७) कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## यूएईमा रोजगारको अवसर

कम्पनी : **AL TANMYAH SERVICES (L.L.C)**
शहर : **DUBAI**

पूर्व स्वीकृत मितिः २०८०/०१/०६ चलानी नं.: ६०२००३९६ LT. No.:285036 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Cleaner | 60 | 0 | स. काममा दक्ष | 800 | २९,०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ८ गते (22 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Solar H.R. Management Pvt. Ltd.**
(साविक Baba Human Resource Management Pvt. Ltd.)
Govt. Lic. No. 1367 / 074 / 075
New Baneshwor, Kathmandu, Nepal. Phone No: 01-4792482 / 4792549
E-mail : info@solarhrmnepal.com, solarhrmgt1367@gmail.com.
BRANCH OFFICES:
Pokhara : 061-590736, Itahari : 025-587645

## साइप्रसमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **Efthymios Mammides -233** शहर : **Cyprus**

पूर्व स्वीकृत मितिः २०८०/११/०४ चलानी नं.: ६०२१५१९१ LT. No.: 300097 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | EURO | ने. रू. | | | | | | | |
| 1 | Domestic Worker | 2 | 15 | स. काममा दक्ष | 400 | ५७,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ८ गते (22 June 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

AGNI overseas
**अग्नि ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी–२६, टाउन प्लानिङ्ग, काठमाडौं, **फोन नं. ०१–४९५०३८९, मो.: ९८४०४११७८५**

## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दमक, झापा**
**कोशी प्रदेश, नेपाल**

### दमक नगरपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिनभित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्न सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेबल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्याइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।**

## धनगढीमाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**धनगढी, सिरहा**
**मधेश प्रदेश, नेपाल**

### सेनिटरी प्याडको दररेट पेश गर्ने सम्बन्धी सूचना।

**दोस्रो पटक प्रकाशित मिति २०८१/03/01 गते**

यस धनगढीमाई नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको चालु आ.व.२०८०/०८१ को सशर्त अनुदान प्राप्त कार्यक्रम तर्फ सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन गर्नु पर्ने भएकाले सार्वजानिक खरिद नियमावली २०६४, को नियम ८५ को उपनियम १ (क) मा भएको व्यवस्था बमोजिम राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी बिक्री मूल्य तोकेको सेनिटरी प्याड उत्पादन गर्ने नेपाली उत्पादक कम्पनीहरुलाई तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयमा आईपुग्ने गरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा उल्लेखित मापदण्ड बमोजिमको सेनिटरी प्याडमा स्थानीय डिलरलाई दिए सरहको छुट सहितको दररेट सम्बन्धी प्रस्ताव पेश गर्नु हुन अनुरोध छ।

**तपसिलः**

- कम्पनी/उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- आ.व. २०७९।०८० को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- सूचना प्रकाशन गरी बिक्री मूल्य तोकेको राष्ट्रिय स्तरको समाचार पत्रको सक्कल प्रति।
- प्रस्तावित सेनिटरी प्याडको नमूना।
- नाप तौल तथा गुणस्तर विभागबाट गुणस्तर परीक्षण गरी जारी गरिएको गुणस्तर प्रमाण पत्रको प्रमाणित प्रतिलिपि
- यस सूचनामा उल्लेख नभएका कुराहरु सार्वजानिक खरिद ऐन, २०६३ तथा सार्वजानिक खरिद नियमावली २०६४, र अन्य प्रचलित नियम कानुन अनुसार हुनेछ।
- यस सम्बन्धी थप अन्य कुरा बुझ्न आवश्यक परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ।

क्स अफिस समाचार



# साम्राज्ञीको 'लण्डन टु पेरिस' एक सातामै हलबाट उत्रियो

साम्राज्ञी राज्यलक्ष्मी शाहको शीर्ष भूमिका रहेको फिल्म ' लण्डन टु पेरिस' एक सातामै हलबाट हटेको छ । कमजोर व्यापारपछि मल्टिप्लेक्स चेनहरुले दोस्रो शुक्रबारदेखि फिल्मको शो हटाएका हुन् ।

कुनै समय अभिनेत्री साम्राज्ञी अभिनित फिल्महरूले बक्सअफिसमा दमदार कमाइ गर्थे । निर्माताले उनका फिल्मबाट राम्रो रकम कमाएका पनि छन् । तर पछिल्लो समय साम्राज्ञीको क्रेज घट्दै गएको आंकलन गरिएको छ । जसका कारण उनी अभिनित फिल्म 'लण्डन टु पेरिस'ले दर्शक तान्न नसकेपछि हलबाटै फिल्म उत्रिएको हो ।

यो फिल्मबाट अभिनेत्री साम्राज्ञीलाई घाटा लागे पनि नव अभिनेता निश्चल खड्कालाई फाइदा पुगेको देखिएको छ । फिल्म बक्स अफिसमा असफल भएपनि निश्चलको अभिनयले भने तारिफ कमाइरहेको छ ।

घनश्याम लामिछानेको निर्देशन तथा प्रदीप भारद्वाजको लेखन रहेको फिल्मको निर्माता अमित बस्नेत, आरोन बस्नेत, एरियाना बस्नेत र परी राना हुन् ।

यता नवीन सुब्बा निर्देशित सोसल-ड्रामा 'गाउँ आएको बाटो'ले समग्रमा पहिलो साता सन्तोषजनक व्यापार गरेको छ । यद्यपि, निर्माताले आधिकारिक कमाइबारे पुष्टि गरेका छैनन् । फिल्मले दोस्रो शुक्रबार देशव्यापी ५० प्रतिशत अकुपेन्सीको हाराहारीमा शोलाई निरन्तरता दिएको छ ।

यतिबेला देशकै ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्समा मात्र अहिले दश वटा फिल्म प्रदर्शन भइरहेका छन् । त्यसमध्ये ६ वटा विदेशी र ४ वटा नेपाली छन् । दश वटा फिल्ममध्ये 'बाटोः रोड टु डेथ', 'चन्दु च्याम्पियन' र 'द वाचर्स' शुक्रबारबाट प्रदर्शनमा आएका हुन् । यसमध्ये ' बाटो' नेपाली हो भने 'चन्दु च्याम्पियन' बलिउड र 'द वाचर्स' हलिउड हुन् ।

यीसहित पुरानो रिलिजमा नेपालीतर्फ 'पूजार सार्की', 'फर्की फर्की' र 'गाउँ आएको बाटो' छन् । विदेशीतर्फ भने 'ब्याड बोइज', 'मुन्ज्या', 'मिस्टर एन्ड मिसेज माही' र हाइक्यु' प्रदर्शनरत छन् ।

बिना प्रचार प्रदर्शनमा आएको ' बाटो' क्राइम-थ्रिलर जनरामा बनेको हो । बुधबार भएको प्रिमियरमा फिल्मले सुखद् प्रतिक्रिया प्राप्त गरेको थियो । तर दर्शकको ठूलो जमातमा फिल्मको बारेमा जानकारी नै पुगेको छैन । जसको असर व्यापारमा पर्नेछ ।

## गीतकार जि.एम. दिपु र अनुपको 'महँगो भो तिम्रो माया'लाई १० लाख भ्युज




**काठमाडौं/मस–** गीतकार जि.एम. दिपु दिपेन्द्रको शब्द रचना रहेको गीत 'महँगो भो तिम्रो माया'लाई छोटो समयमै दश लाख भ्युज मिलेको छ । लोकप्रिय गायक प्रमोद खरेलको स्वर, राजकुमार बगरको संगीत रहेको गीतमा अनुपजंग थापा र सोनी विश्वकर्माको अभिनय रहेको छ ।

चर्चित निर्देशक कृष्णदेव रुपाखेतीले प्रेमबिछोड भावमा रहेको उक्त म्युजिक भिडियो मुकेश हुमागाईंले खिचेका हुन् भने राहुल बराईलीले कोरियोग्राफी गरेका हुन् ।

गीतकार दिपेन्द्र छोटो समयमा दर्शक स्रोताहरुले गीतलाई मन पराएर माया गरिदिएकोमा एकदमै खुसी लागेको बताउँछन् । निर्देशक रुपाखेती पनि गीतले सफलता पाएकोमा मख्ख छन् । कलाकार मोडल अनुपजंग थापा गीतको सफलतामा दर्शक स्रोताहरुलाई धन्यवाद व्यक्त गर्न चाहन्छन् । निर्देशक कृष्णदेव रुपाखेतीको निर्देशनमा बनेका 'दिल रोएको बेला', 'तिम्रो मेरो दिलको बास' पनि मिलियन क्लबको लाइनमा रहेका छन् ।

## बबिताको 'मेरो दु:ख, मेरो पीडा' सार्वजनिक

**काठमाडौं/मस–** भर्खरै सांगीतिक क्षेत्रमा प्रवेश गरेकी बाल प्रतिभा कल्पना बिष्टको मिठो स्वरमा 'मेरो दु:ख, मेरो पीडा' बोलको गीतको भिडियो सार्वजनिक भएको छ । सुजन कोइरालाको शब्द, श्रीधर अधिकारीको संगीत रहेको म्युजिक भिडियोमा गायिका बिष्टको साथमा अर्जुन सापकोटा, नवराज थापाको अभिनय देख्न सकिन्छ । म्युजिक भिडियोको छायाँकन महेश महरा, सम्पादन कल्पेश विश्वकर्माले गरेका हुन् भने निर्देशन बबिता श्रेष्ठको रहेको छ । भिडियोलाई डिजिटल चिम्पाञ्जी इन्टरटेनमेन्ट युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

# कुमारीको मनोभावमा आधारित नाटक 'अग्निचक्षु' मञ्चित

**काठमाडौं/मस–** कुमारीलाई जीवित देवीको मान्यता दिइन्छ । निश्चित समय मन्दिरमा बसेपछि उनीहरु सामान्य जीवनमा फर्कन्छन् । यिनै कुमारीको मनोभाव समेटिएको नाटक 'अग्निच्क्षु' बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा दुई सातादेखि मञ्चन भइरहेको छ ।

नाटकको लेखन चन्द्रप्रसाद पाण्डेयले गरेका छन् भने निर्देशन एवम् परिकल्पना झकेन विसीको रहेको छ । बाल्यकालदेखि देविकैरुपमा पुजिँदै आएकी कुमारी किशोर अवस्थामा आएपछि सामान्य जीवन बिताउनुपर्दाको क्षण कस्तो हुन्छ होला ? कुमारीपछिको संघर्षपूर्ण जीवन नाटकमार्फत प्रस्तुत गरिएको छ । नाटकमा कुमारी इतिहाससँगै उनीहरुले भोग्नुपरेको सामाजिक संघर्ष उजागर गर्न खोजिएको छ । बाल्यकालदेखि किशोरी अवस्थामा आउँदा मनोवैज्ञानिकरुपमा के-कस्ता असर पर्छन् ? यिनै भावलाई



कलाकारले अभियनमा उतारेको कलाकार संगीता उराँवले बताइन् ।

'एउटी युवतीले समाजमा थुप्रै भूमिका निर्वाह गर्नुपर्ने अवस्था यो नाटकका माध्यमबाट देखाउन खोजिएको छ,' उनले भनिन्, 'छोरीलाई देवी नै बनाए पनि विभिन्न हिंसाजन्य गतिविधिबाट पीडित हुँदै आएकी छन् । यसलाई चिर्न सङ्घर्ष गरिरहेको अवस्था पनि नाटकले देखाउन खोजेको अर्को महत्वपूर्ण पाटो हो ।'

नाटकका लेखक चन्द्र पाण्डेले काठमाडौंमा बाहिरबाट आएका मान्छेले कुमारीको इतिहास र पृष्ठभूमिबारे खासै थाहा नपाएको बताए । संस्कार संस्कृति र इतिहास नाटकमार्फत देखाउने इच्छा गर्दै जाँदा उनले कुमारीबारेमा अध्ययन गरे ।

इतिहास खोतल्दा कुमारी एउटी शक्तिशाली, समर्पित र ऊर्जावान देवीको प्रतीक पाएको उनले बताए । यतिधेरै पौराणिक इतिहास बोकेको कुमारी संस्कृतिलाई नाटकमार्फत देखाउन उनले लेखन थालेका हुन् । 'कुमारी संस्कृति युवा पुस्तामा बुझ्न र बुझाउन जरुरी छ,' उनले भने, 'यस विषयमा नाटक लेख्दै गर्दा आधुनिक युवतीले कुमारी संकेत गर्दै भाग्नुपरेको वेदना पनि समेटेको छु ।'

नाटकमा कलाकार मञ्जु श्रेष्ठ, संगीता उराँव, हेना नगरकोटी, कृष्णभक्त महर्जन, सविन कट्टेल, श्रीशेष श्रेष्ठ, धीरज थापामगर, शान्ता प्रजापति, राजेन्द्र डंगोल, एअरिका चौलागाईं( बालकलाकार)ले अभिनय गर्नुभएको छन् । अनुप तिमिल्सिनाले संगीत परिकल्पना तथा संयोजन गरेका छन् भने पूजा विश्वकर्मा, इन्द्रमान महर्जन, प्रतीक प्रजापति, ब्रोसिन ब्रोज महर्जनले नाटकमा प्रत्यक्ष संगीत दिएका छन् ।

नाटकको नेपथ्यमा झकेन विसी, मञ्च निर्माणमा निराजन डोटेल र हिमाल भुजेल, सञ्चार संयोजकमा किरण पराजुली, निर्माण नियन्त्रणमा सरस्वती न्यौपाने, पोस्टरमा राजन काफ्ले, कोरियोग्राफीमा जेडी तमु, वेषभूषामा अग्निचक्षु समूह, बजार व्यवस्थापनमा चक्रप्रसाद पोखरेल, प्रकाश परिचालन एवम् मञ्च प्रबन्धमा हिमाल भुजेलले गरेका छन् ।


## पुर्चौंडी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हाँट, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

### शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः– २०८१/03/0१)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/०२/०७ को "हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिका" तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको विधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित शिलबन्दी दरभाउपत्र आव्हानको सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कनमा निम्न तालिकामा उल्लिखित खरिद कार्यका लागि तपशिल बमोजिमका शिलबन्दी दरभाउ पत्रहरू सारभूत रुपमा प्रभावग्राही ठहर भई मुल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | योजनाको नाम | ठेक्का नं. | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (मू.अ.क. बाहेक) |
|---|---|---|---|---|
| 1 | Supply & Installation of Required USG Machine (Portable Color Doppler with 2 Probes & printers) & ECG Machine (6 channel With Printer) with fully equipped with accessories. | PNP/BTD/SQ/Good/10/2080/081 | श्री सन्जिवनी इन्टरप्राजेज वार्ड न. -०१, उत्रढोका, काठमाडौं । | १३,२२,०००।० |

प्रमुख प्रशासकीय अधिकृत



## अग्निसाईर कृष्णासवरन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सितापुर, सप्तरी
मधेश प्रदेश, नेपाल

### अग्निसाईर कृष्णासवरन गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गारिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*



प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ